
राजा-सूर्यः

श्री शालिवाहनीय शाके १९४७
सृष्टितोगताब्दा १,९५,५८,८५१२६
नेपाल सम्वत् ११४५-११४६




कलेर्गताब्दा ५१२६
इशवीय सन् २०२५-२०२६
सिद्धार्थीनामसंवत्सर ५३


मन्त्री-चन्द्रः

नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिबाट स्वीकृत

कश्यप पञ्चाङ्ग

विक्रम सम्वत् २०८२



माता स्व. बतिसरा. पिता कृष्णप्रसादश्य पुत्र
ज्यो. प. खगेन्द्र प्रसाद अधिकारी
पञ्चाङ्गकर्ता

मूल्य रू. १३०/-





कश्यप ज्योतिष तथा वास्तु परामर्श केन्द्र सम्पर्क नं.: ९८४८०५०१५३, ९८४८०६९५९५ इमेल : khagendra66@gmail.com

गुरू ब्रह्मा गुरू विष्णु गुरू देवो महेश्वर:
गुरू साक्षात परब्रह्म तस्मै श्री गुरूवे नम: ।

माता सरस्वती शरणम्



या कुन्देन्दुतुषारहारधवला या शुभ्रवस्त्रावृता
या वीणावरदण्डमण्डितकरा या श्वेतपद्मासना ।
या ब्रह्माच्युत शंकरप्रभृतिभिर्देवै: सदा वन्दिता
सा मां पातु सरस्वती भगवती नि:शेषजाड्यापहा ॥

शुक्लां ब्रह्मविचार सार परमामाद्यां जगद्व्यापिनीं
वीणा-पुस्तक-धारिणीमभयदां जाड्यान्धकारापहाम् ।
हस्ते स्फटिकमालिकां विदधतीं पद्मासने संस्थिताम्
वन्दे तां परमेश्वरीं भगवतीं बुद्धिप्रदां शारदाम् ॥

कश्यप पञ्चाङ्ग

संरक्षक
आचार्य लक्ष्मण पन्थी

गणित सल्लाहकार
ज्यो. प. गोविन्द सापकोटा
(महाकालेश्वर पञ्चाङ्ग सारिणीकर्ता, खगोलविद)

सल्लाहकारहरु
ज्यो. प. नारायण प्रसाद नेपाल (गौरीशंकर पञ्चाङ्गकार)
ज्यो. विनानाथ पण्डित
ज्यो. प. डा. गौरीशंकर शर्मा
ज्यो. प. यामप्रसाद अधिकारी
ज्यो. प. विकास पौडेल

पञ्चाङ्गकर्ता
ज्यो. प. खगेन्द्रप्रसाद अधिकारी

प्रकाशक
कश्यप ज्योतिष तथा वास्तु परामर्श केन्द्र
वीरेन्द्रनगर, सुर्खेत

विशेष सहयोगी
प. नारायणप्रसाद तिमिल्सेना
पूर्णदेव अधिकारी

आवरण डिजाइन
मुना डिजाइन सेन्टर, सुर्खेत
(९८५८०८११३९)

मुद्रण
लुना क्रियशन
काठमाडौं (९८५११४३६१८)

प्रकाशकीय

मानव जीवनका लागि उपयोगी एक मात्र शास्त्र हो, ज्योतिषशास्त्र। वेदको अङ्गको रुपमा रहेको ज्योतिषशास्त्रमा खगोलको अध्ययन गरिन्छ। जसले गर्दा मानव जीवनमा हुने शुभाऽशुभ कर्महरुमा सुख र दुःखरुपी तरंगले उतार चढाव गराउने क्रम ग्रहाऽधिन रहेको हुन्छ। जुन तथ्यलाई दृष्टिगत गर्ने एक मात्र शास्त्र ज्योतिषशास्त्र हो। यसलाई धर्म र सम्प्रदायसँग मात्र जोडेर हेर्ने हो भने न्याय सम्मत हुँदैन। आकाशमा चन्द्र र सूर्य विराजमान रहेसम्म ज्योतिषशास्त्र जीवन्त रहने कुरामा सन्देह छैन। ज्योतिषशास्त्रले नै ब्रह्माण्डको अध्ययन गरी तिथि, वार, नक्षत्र, योग र करणको साधना पश्चात् यसले निर्दिष्ट गरेअनुसार चाड, पर्व, व्रत, उत्सव, संस्कार आदि कार्यको निर्णय गरेर मार्गदर्शन गर्दछ। जसका लागि पञ्चाङ्ग गणना अनिवार्य छ। अतः पञ्चाङ्ग सरल ढङ्गबाट तयार पारिनुपर्छ भन्ने हाम्रो मान्यता रहेको छ। यसै क्रममा वि.सं. २०८२ सालको पञ्चाङ्ग तपाईंहरुका माझ अर्पण गर्ने जमर्को गरेका छौ। यहाँहरुको माया, स्नेह, सद्भाव, सुझावसँगै अग्रजहरुको मार्गदर्शन अनुसार अगाडि बढ्नु हाम्रो कर्तव्य हो।

नेपालको राजधानी काठमाडौंको अक्षांश र देशान्तरलाई मानकका रुपमा अनुशरण गर्दै ज्योतिष विधाको संरक्षण र सम्वर्धन गर्ने कार्यमा समर्पित छौ। गुरू ज्यो. दिनानाथ पण्डित एवम् शुद्धाशुद्धीमा सहयोग गर्नुहुने आदरणीय गुरू प. तिलकप्रसाद रिजाल र नारायणप्रसाद तिमिल्सेनाप्रति आभार। गणित सल्लाहकारको भूमिका निर्वाह गरी अतुलनीय सहयोग गर्नु हुने खगोलविद् श्रीराधे गोविन्द गुरूदेवलाई सादर प्रणाम। कश्यप पञ्चाङ्गको संरक्षणत्व ग्रहण गरिदिनु हुने गुरू आचार्य लक्ष्मण पन्थीप्रति हार्दिक आभार। हामीलाई प्रत्यक्ष अप्रत्यक्ष सहयोग गर्नुहुने सबैमा हार्दिक कृतज्ञता ज्ञापन गर्दै पाठक, प्रयोगकर्ता र विज्ञापनदाताहरुलाई हार्दिक धन्यवादसहित नववर्ष २०८२ सालको **हार्दिक मंगलमय शुभकामना** व्यक्त गर्दै कश्यप पञ्चाङ्ग आम पाठकका बाहुलीमा अर्पण गर्दछौ।

ज्यो.पं. यामप्रसाद अधिकारी
सल्लाहकार, कश्यप पञ्चाङ्ग



नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
नेपाल पञ्चाङ्ग निर्णायक विकास समिति
काठमाडौं, नेपाल

प.सं. : ०८१/८२
च.नं. : ६६

मिति : २०८१।११।१४

स्वीकृति र शुभकामना

समस्त चाड पर्व, व्रत, उत्सव, यात्रा, ग्रहको उदय, अस्त वक्र, मार्ग, ग्रहण आदिको निदेर्शिका भनेको पात्रो हो। पात्रो निर्माण गर्दा ग्रह गणनाको सूत्र र सूत्रको मर्म समेतलाई विचार गर्नुपर्दछ। यस्तो पञ्चाङ्ग गणनाको प्रक्रियालाई पुराना अनुभवी पञ्चाङ्गकारहरुमा मात्र सीमित गर्दा भविष्यमा राम्रो पञ्चाङ्ग गणना गर्ने नयाँ जनशक्तिको अभाव समेत हुन जाने देखिन्छ। उक्त सन्दर्भमा पञ्चाङ्ग निर्माण प्रक्रियालाई नयाँ पिढीका पञ्चाङ्कारहरुलाई हस्तान्तर गर्नु पनि आजको आवश्यकता हो। यही विषयवस्तुलाई आधार मानी नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिको मिति २०८१।१०।२० को निर्णयका आधारमा वि.सं. २०८२ सालको पात्रो प्रकाशन गर्न पाउँ भनी पहिलो पटक निवेदन दिनु हुने नयाँ पञ्चाङ्गकार **श्री खगेन्द्रप्रसाद अधिकारीलाई** नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिले तोकेको र निर्णय गरेको पञ्चाङ्गको घडी, पला, चार्डपर्व, ग्रहको स्पष्टीकरण, वक्र, मार्ग, उदय, अस्त, ग्रहण, विवाह, व्रतबन्ध आदिको शुभमुहूर्तमा फरक नपारी वि.सं. २०८२ देखि २ वर्षको परीक्षणकाल मा धर्म, संस्कार र संस्कृतिलाई आघात पर्ने र विवादित विषयवस्तुहरु पञ्चाङ्गमा समावेश गर्न नपाउनेगरी **वि.सं. २०८२ को कश्यप पञ्चाङ्गलाई** प्रकाशनको स्वीकृति प्रदान गरीएको छ। नयाँ पञ्चाङ्गकारद्वारा निर्मित नयाँ पञ्चाङ्ग प्रकाशनको शुभोपलक्ष्यमा समस्त नेपाली दाजुभाइ दिदी, बहिनीमा नयाँ वर्ष वि.सं. २०८२ सालको हार्दिक शुभकामना समेत व्यक्त गर्दछु।

प्रा. श्रीकृष्ण अधिकारी
(अध्यक्ष)

फोन : ०१-४५१९०९३
E-mail: info@npns.gov.np/npns2025@gmail.com/www.npns.gov.np

विषय-सूची

नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिको सूचना

पञ्चाङ्गमा समावेश भएका विषयवस्तुमध्ये पञ्चाङ्गका घडी पला, घण्टा मिनेट, चाडपर्वहरु, विवाह व्रतबन्ध मुहूर्तहरु, सक्रान्तिफल, आय व्यय, विषुवतफल, जगल्लग्नफल, वर बधुमेलापक सारिणी, प्रथम दशम लग्न सारिणी, साप्ताहिक ग्रहस्पष्ट, दैनिक लग्न सारिणी, दैनिक ग्रहस्पष्ट, उदयास्त, पादचार, पापांशा, पापक्षीणी, अग्नी रुद्री जुर्ने, गृहारम्भ, गृहप्रवेश, अन्नप्राशन, दोकान खोल्ने, न्वागी खाने, मुठी लिने मुहूर्त, सर्वार्थसिद्धि योगहरु, अवकहडाचक्र, संस्कृत वर्षफल र विंशोपका समितिमा छलफल भई निर्णय भएका विषय हुन् । यी बाहेक अन्य विषयवस्तुहरु समितिमा निर्णय नभएका चाडपर्वहरु र छपाईमा फरक परेमा स्वयं पञ्चाङ्गकार जिम्मेवार हुनेछ । पञ्चाङ्गमा उल्लेखित चाडपर्वहरु शास्त्र र परम्पराका आधारमा निर्णय भएका हुन् । यसभन्दा फरक दिन मनाउने परम्परा भएका व्यक्ति वा समुदायले आफ्नो परम्परा अनुसार चाडपर्व मनाउन सक्नेछन् ।

नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिको सूचना

यस नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिको गठन आदेश २०७७ को दफा ७ को उपदफा (ञ) र (ठ) अनुसार समितिको स्वीकृतिविना पञ्चाङ्ग तथा क्यालेण्डर प्रकाशन गर्न नपाइने भएको हुँदा प्रकाशन गर्न चाहने व्यक्ति वा संस्थाहरुले नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिबाट स्वीकृति लिएर मात्र प्रकाशन गर्नुहोला । अन्यथा आवश्यक कारवाही हुने व्यहोरा सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिको अनुरोध

क) पञ्चाङ्गमा उल्लेखित विभिन्न मुहूर्त र लग्नलाई अन्यथा गरि गरिने कुनैपनि कृत्य अशास्त्रीय र विपरित फलदायक हुने भएकाले यस्तो कार्य नगर्ने र नगराउने ।

ख) गुरु शुक्रको बाल्य बार्धक्य, अस्त, विश्वघस्रपक्ष एवं मलमास र क्षयमास आदिमा सप्ताह, नवाह, यज्ञ, व्रतप्रतिष्ठा आदि शुभकार्य नगर्ने नगराउने ।

ग) श्रीपञ्चमी, विवाहपञ्चमी, अक्षयतृतीया आदिका शुभदिनमा विवाह व्रतबन्ध आदिको शुभसाइत पञ्चाङ्गमा उक्त दिन नपरेमा शुभकार्य नगर्ने नगराउने ।

घ) शास्त्रवर्जित समयमा गरेका धार्मिक कृत्यहरुबाट पुण्यफल प्राप्त नहुने हुँदा कर्म गर्ने गराउने व्यक्तिहरु सबै सचेत रहनुहुन अनुरोध गरिन्छ ।

कश्यप पञ्चाङ्ग थोक तथा फुटकरमा पाइने स्थान

हाम्रो पुस्तक पसल वीरेन्द्रनगर सुर्खेत फोन नं ०८३-५२०४९०
अल्फा स्टेशनरी स्टोर्स एण्ड जनरल अर्डर सप्लायर्स सुर्खेत फोन नं ०८३ ५२११३७
सान्दाइ स्टेशनरी वीरेन्द्रनगर पिपिराचोक सुर्खेत फोन नं. ९८४८१६०१६५
अनुराधा स्टेशनरी मेहेलकुना सुर्खेत फोन नं. ९८४८१९३८०१
महालक्ष्मी पूजा सामाग्री तथा फ्रेम भण्डार सुर्खेत फोन नं ९८४८२६०२१८
न्यू विहानी पुस्तक पसल एण्ड फोटोकपी सेन्टर छिन्चु सुर्खेत फोन ९८५८०५२९५३
नविन बुक्स वीरेन्द्रनगर घण्टाघर सुर्खेत फोन नं. ९८५८०५१००३
जागृती पुस्तक पसल रोड सुर्खेत फोन नं. ९८५८०६१०६१
खड्क पुस्तक पसल दैलेख फोन नं. ९८४८१२१८४८
सरिता स्टेशनरी बेस्तडा बजार दैलेख फोन नं. ९८४८१०६९८१
भेरी पुस्तक पसल नेपालगञ्ज फोन नं. ९८४८०२२८९०
पोखरेल किराना तथा पूजा सामग्री पसल लमही ५दाङ फोन नं. ९८४७८४०९८४

नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिको सूचनाः २०८१ सालसम्म सूर्यसिद्धान्तीय गणनापद्धति अनुसार स्पष्ट ग्रहसाधना र ग्रहलाघवीय सुत्रानुसार राहुको गणना गरी पञ्चाङ्ग गणना गर्ने गरिएको थियो । साथै ग्रहणादि र ग्रस्तोदयास्त ज्योतिर्गणितबाट साधना गर्ने गरिएको थियो । पञ्चाङ्गमा समयसापेक्ष परिमार्जन गर्दै जाने क्रममा केतकीय गणनापद्धतिबाट ग्रहसाधना गर्दा आकाशीय ग्रहस्थितिसँग धेरै मात्रामा मेल खाने भएकाले पञ्चाङ्गमा क्रमिक सुधार गर्ने उद्देश्य अनुसार यो वर्ष वि.स. २०८२ सालको पञ्चाङ्ग तयार गर्दा सौरोक्त पद्धतिबाट पञ्चाङ्ग गणना गरिएको छ भने केतकीय ग्रहगणितबाट अरु ग्रहको गणना उदयास्त र ग्रहणादिका विषयहरु तयार पारिएका छन् ।

वर्ष लग्न ४।२८।५२।५४

जगल्लग्न ०।३।३।५५

के. ६
४
७
५
मं. ३
८
वृ. २
११
९
श. शु.
१
१२
१०
सू.चं.रा.बु.

वृ. २
रा.शु.श.बु.
१
१२
११
३
सू.
४ मं.
१०
चं.
५
९
६ के.
७
८

वर्ष लग्न फलम्		
मेष	६	मित्रसुखम्
वृष	५	कुटुम्बवृद्धिः
मिथुन	४	धनलाभः
कर्कट	३	देहसुखम्
सिंह	२	दुःखदाद्रियम्
कन्या	१	लाभः
तुला	१२	सुखम्
वृच्छिक	११	धर्मार्थप्राप्तिः
धनु	१०	कष्टम्
मकर	९	स्त्रीसुखम्
कुम्भ	८	कष्टम्
मीन	७	पुत्रसुखम्

जगल्लग्न फलम्		
मेष	१	देहसुखम्
वृष	१२	दुःखदाद्रियम्
मिथुन	११	लाभः
कर्कट	१०	सुखम्
सिंह	९	धर्मार्थप्राप्तिः
कन्या	८	कष्टम्
तुला	७	स्त्रीसुखम्
वृच्छिक	६	शत्रुपराजयः
धनु	५	पुत्रसुखम्
मकर	४	मित्रसुखम्
कुम्भ	३	कुटुम्बवृद्धिः
मीन	२	धनलाभः

वि.सं २०८२ सालको वार्षिक भविष्यफल

श्रीगणेशाय नमः श्रीमंगलमुहूर्ताय नमः अचित्याव्यक्तरुपायः निर्गुणायगुणात्मने । प्रणम्यादौ रविं देवी शिवं विष्णु गजाननम् । संवत्सर फलं वक्ष्येलोकानां हितकाम्यया । स जयती सिंदुर वदनोदेवो यत्पाद पंकजस्मरणात । वासरमणिखि तिमिरम् नाशयति विघ्नानाम् ।

अत्र हि षष्ठयाब्दानां मध्य काल नाम सम्वत्सर गत । रुद्राविंशती एकादशे अधमेयुगे, यमाधिपते, संवत्सरे, अग्निपति, बृष्ठिसम्वाध्य सिद्धार्थिनाम संवत्सर प्रवेश मेषार्कान्प्राग्भुक्त मासादये ०।२९।३४।४८ भोग्य मासादय पर सिद्धार्थिनाम संवत्सर भविष्यती ।

सिद्धार्थिनाम संवत्सर भएको यस वर्षमा दशाधिकारी ग्रहहरुमा निम्नानुसार कार्य विभाजन भई ग्रह मन्त्रीमण्डल गठन भएको छ । राजा पदमा सूर्य र मन्त्री पदमा चन्द्रमा छन् । सिद्धार्थिनामको संवत्सरको प्रभावले जलवर्षा सन्तोषजनक रहनेछ भने मनुष्य जगतले ज्ञानको खोजी गर्नेछन् । वर्षको उत्तरार्द्धमा रौद्र नामक संवत्सरको प्रवेश हुने भएकाले शासकवर्गमा वैमनस्यता उत्पन्न हुनेछ । उत्तरार्द्धमा कृषि क्षेत्र सामान्य रहनेछ । सस्येस पदमा गुरु विराजमान भएकाले शैक्षिक क्षेत्र विशेष बलवान रहनेछ । कृषि क्षेत्रमा सन्तोषजनक उत्पादन हुनेछ । रसादी क्षेत्रमा पनि सुखानुभूति गर्न पाइनेछ । धान्येस पदमा भौम भएकाले हिउँदेबालीको उत्पादन खासै सन्तोषजनक रहनेछैन । मेघेश पदमा रवि भएकाले चना, जौ, उखु, जस्ता वस्तुहरुमा वृद्धि भएपनि आकाशे वर्षाको भर पर्नुपर्ने स्थानमा भने खासै उन्नती हुनेछैन । रसेश पदमा शनि विराजमान भएकाले प्राणी जगतको मन मैलो हुने लौहादी वस्तुहरुबाट चोटपटकका भय तथा सवारी साधन दुर्घटना बढ्ने छ भने रसादी वस्तुहरुमा पनि वृद्धि हुने योग परेको छ । निरसेश पदमा गुरु विराजमान भएका कारण विद्याको क्षेत्रमा वृद्धि हुनेछ । धार्मिक कार्यहरुमा सफलता प्राप्त हुने, रंगीचंगी लत्ताकपडा लगायतका वस्तुहरुको उत्पादन सन्तोषजनक रहनेछ । फलेश पदमा रवि भएकाले विशेष गरि पशुजन्य क्षेत्रमा सोचे अनुसारको प्रगति नहुने, हिमपात तथा असिनाको प्रकोप रहनेछ । फलफूल तथा तरकारीजन्य वस्तुहरुमा मूल्यवृद्धि हुनेछ । धनेश पदमा बुध भएकाले व्यापार व्यावसायीको क्षेत्रमा सन्तोषजनक नाफा कमाउन सकिनेछ । कृषि तथा पशुपंक्षीजन्य वस्तुहरुको निर्यात बढ्नेछ । विज्ञानको प्रभाव राम्रैसँग पर्नेछ । दुर्गेश पदमा रविले पकड जमाएका कारण सीमा क्षेत्रहरुमा विवाद बढ्नेछ भने शासकहरु घमण्डले उन्मत्त रहनेछन् । शक्तिशालीहरुले कमजोरहरु माथि थप थिचोमिचो गर्नेछन् ।

एकातिर सूर्य राजाको प्रभाव बलवान हुँदै गएपनि अर्कोतिर मन्त्री चन्द्रमाको प्रभावले उतार चढावमा बराबर हैसियत राख्नेहरु सन्तुष्ट रहनेछन् । मध्यमस्तरको वर्षाले खासै ठूलो क्षति पुऱ्याउने देखिँदैन भने कतै-कतै हुने अनावृष्टिले नोक्सानी पुऱ्याउने छ भने मौसमी वर्षाका कारण हुने अतिवृष्टिले केही जनधनको क्षति गर्नेछ । बाढी पहिरो, सवारी दुर्घटना, कतै खडेरी पनि हुने भएकाले सचेत रहनु वेश हुनेछ । देशको अर्थतन्त्र सामान्यस्तरबाटै संचालित हुनेछ । राजनीतिक अस्थितरता कायमै रहने भएकाले छलकपडका कार्यहरु भइरहने छन् । राजनीतिक कारणले कुकर्महरुले प्रश्रय पाउन सक्छन् । जनताले आशा गरे बराबरको सफलता प्राप्त गर्न कठिन पर्नेछ ।

साँध सीमाना र किल्लाहरुमा सुरक्षा व्यवस्था कडा बनाउन आवश्यक छ । शासक वर्गहरुले आंशिक मात्रामा भएपनि न्यायको पक्षमा काम गर्लान् । मेघ संवर्त अनुसार धेरै काम गरेर फाइदा थोरै हुने, धार्मिक रुपमा हुने कार्यमा कम फल प्राप्त हुने पीडितहरुले राज्यबाट न्याय प्राप्तिमा कठिनाई, बादलको गर्जन तथा जलवृष्टि खण्डवृद्धिले दुःख दिने सम्भावना रहला । पश्चिमी भन्दा पूर्विय वायूमा सक्रियता रहनेछ । जनसंख्या वृद्धि हुने नै छ । अनेक वस्तुको संग्रह लाभदायक हुनेछ भने यज्ञयज्ञादि कार्यबाट मनवान्छित फल प्राप्त हुनेछ ।

२०८२ वैशाख मासफलः श्री विक्रम संवत् २०८२ सालको पहिलो महिना वैशाख महिना ५ सोमवार र ५ मंगलवार तथा ५ बुधवार ४ विहीवार ४ शुक्रवार ४ शनिवार तथा ४ आइतवार मिलेर बनेको छ। सोमवारबाट प्रारम्भ भएको यो महिनामा राष्ट्रमा सफलताका लक्षणहरु देखिने छन् भने मनुष्य जगतमा पनि प्रगतिको आशा देखिनेछ। ५ सोमवारले खाद्य वस्तुको बजार भाउमा भने नियन्त्रण गराउन खोजेपनि ५ मंगलवारको कारण केही मात्रामा भयपूर्ण वातावरणको सिर्जना होला। मानवजातीमा नेत्ररोगको पीडा रहने सम्भावना छ भने मानव जीवनमा खासै उतारचढाव आउने छैन। धन संरक्षणमा आंशिक सफलता मिल्नेछ। शनि तथा मंगलको प्रभावले शनि उच्च हुनेहरुका लागि लाभको महिना रहेको छ। राजनीतिक क्षेत्रमा असन्तोषहरु पैदा हुनेछन्। उद्योग कल कारखानाका क्षेत्रमा पनि उत्पादनमा बाधा उत्पन्न होला। सानो कुरामा मानवजातीले शोक गर्नुपर्ने अवस्था आउन सक्छ। अग्नीप्रकोपले सताउला। वायू तथा हुरी बतासको बबण्डर बढ्ला। मौसममा छिटो छिटो फेरबदल भइरहला। चट्याङले जनधनको क्षति गराउला। सुन, चाँदी हिरा मोति जस्ता बहुमूल्य धातुहरुको कारोबारमा बृद्धि भएपनि धातु तथा रत्नहरुमा महंगाई बढ्ने नै छ।

२०८२ ज्येष्ठ मासफलः श्री विक्रम संवत् २०८२ सालको दोस्रो महिना ज्येष्ठ महिना ५ विहीवार ५ शुक्रवार ५ शनिवार र ४ आइतवार ४ सोमवार ४ मंगलवार र ४ बुधवार मिलेर बनेको छ। विहीवारबाट प्रारम्भ भएको यो महिनामा सामान्यतया सबै क्षेत्रमा शुभप्रद कार्यहरु नै होलान्। ५ विहीवारका कारण अन्न खाद्यन्न वस्तुको बजार भाउ नियन्त्रण भएपनि ५ शनिवारका प्रभावले धातुजन्य वस्तुहरुमा भने महंगी बढ्ला। जंगलमा लाग्ने डढेलो जस्ता कार्यहरु हुनेछन शिक्षाको क्षेत्रमा खासै उन्नती हुने देखिदैन भने मान्छेहरु विलाशिताका वस्तुमा धन खर्च लर्गान्। शारीरिक रुपमा जोश जाँगरमा कमी आउनुले सामाजिक क्षेत्रमा हुने काममा खासै सफलता प्राप्त नहोला। विहीवार प्रारम्भ भएको सक्रान्तिले मनुष्य जगतको प्रगतिमा खासै असर गर्नेछैन। धन आर्जनमा मानिसहरु राम्रै प्रगति गर्नेछन्। एक आपसमा विश्वासको वातावरणमा कमी आउनेछ। जसका कारण पापकर्महरु बढ्नेछन् भने आपसमा वैरभाव उत्पन्न हुनेछ। यति हुँदाहुँदै पनि चलाखी अपनाउनेहरु सफल हुनेछन्। तरपनि धार्मिक कार्यमा कमी आउने छैन। व्यापार व्यावसायबाट हुने लाभले प्रशन्नता देखिन्छ भने मौसम प्रतिकूलका कारण जनजीवन प्रभावित हुनेछ। आगलागी, चट्याङ्ग जस्ता घटनाहरु हुने छन् भने महिनाको अन्त्यतिर जलवृष्टि हुने देखिन्छ।

२०८२ आषाढ मासफलः श्री विक्रम संवत् २०८२ सालको तेस्रो महिना आषाढ महिना ५ आइतवार ५ सोमवार ५ मंगलवार तथा ५ बुधवार र ४ विहीवार ४ शुक्रवार र ४ शनिवार मिलेर बनेको छ। आइतवारबाट प्रारम्भ भएको यो महिनामा राष्ट्रिय राजनीतिमा उतारचढाव हुने हुनाले जनताले खासै सुखको अनुभूति गर्न पाउने छैनन्। ५ आइतवारका कारण रोगव्याधिमा वृद्धि होला। खाद्यवस्तुहरुको भाउमा नियन्त्रण जस्तो देखिएपनि भयपूर्ण वातावरणको सिर्जना भइरहने छ। खास गरि किराजन्य रोगको प्रकोपले नसताउला भन्न सकिदैन। धन तथा सुखमा रहेपनि मनमा त्यत्ति शान्ति भने रहनेछैन। शारीरिक रुपमा गर्नु पर्ने परिश्रममा कम हुँदा मानवप्राणीमा नैराश्यता आउने नै भयो। कृषिजन्य वस्तु र पशुउत्पादन सन्तोषजनक रहला। शिक्षा क्षेत्रमा प्रगति नभएकाले मानवजातीमा तनाव, अन्याय र अत्याचारमा वृद्धि, पापकर्महरु बढावा हुने सम्भावना छ। आयात हुने वस्तुहरुमा महंगीका कारण तनाव, दैनिक उपभोग्य वस्तुहरु प्राप्तिमा असहजता हुनेछ भने बाढी पहिरो, मेघबादलसहित खण्डवृष्टि भूक्षय हुने र महिनाभर वर्षात हुनेछ। मध्यभाग भन्दा पनि तराईमा बढि संकट हुने। पश्चिम भन्दा पनि पूर्वक्षेत्र बढि सामान्य अवस्थाको रहने छ। वर्षातका कारण केही क्षेत्रमा डुवान हुने र पशुचौपायामा समेत क्षति हुने स्थिति आउला। रोगव्याधि पनि बढ्दै जाला।

२०८२ श्रावण मासफलः श्री विक्रम संवत् २०८२ सालको चौथो महिना श्रावण महिना ५ विहीवार ५ शुक्रवार ५ शनिवार र ४ आइतवार ४ सोमवार ४ मंगलवार तथा ४ बुधवार मिलेर बनेको छ। विहीवारबाट प्रारम्भ भएको यो महिनामा सामान्यतया सबै क्षेत्र सन्तुलित अवस्थामै रहलान्। रसादिवस्तुको उत्पादनमा वृद्धि हुनु,खाद्यन्न लगायतका अत्यावश्यक वस्तुको बजार भाउ स्थिर हुनु, जनसंख्यामा वृद्धि हुनु,धान्यवस्तुहरुको सुलभता हुनु र धातुजन्य वस्तुहरुमा महंगी बढ्नु यस मासका विशेषताहरु हुनेछन्। मेघ गर्जनसहित भूक्षय, भूकम्प, सवारी दुर्घटना, बाढीपहिरो तथा दैविक प्रकोपहरुका कारण विपत्तिहरु दोहोरिने सम्भवना अधिक छ। एकातिर वैदेशिक रोजगार उपलब्धीमूलक हुन नसक्ने अर्कोतिर राजनीतिक क्षेत्रबाट समेत जनतामा नैराश्यता पैदा होला। कृषिजन्य तथा पशुपालनको क्षेत्रमा वृद्धि भएपनि खासै सन्तोष गर्न सकिने अवस्था नरहला। खण्डवृष्टि अतिवृष्टि जस्ता भइरहनेछन् भने मौसममा आउने क्षणिक फेरबदलले मानव जीवन कष्टकर होला। विशेष गरी तपाई क्षेत्रमा हुने डुवान र पहाडि क्षेत्रमा हुने पहिरोका कारण जनजीवन प्रभावित हुनेछ भने सवारी साधनमा यात्रा गर्दापनि कष्टकर हुनेछ।

२०८२ भाद्र मासफलः श्री विक्रम संवत् २०८२ सालको पाँचौ महिना भाद्र महिना ५ आइतवार ५ सोमवार ५ मंगलवार तथा ४ बुधवार ४ विहीवार ४ शुक्रवार ४ शनिवार मिलेर बनेको छ। आइतवारबाट प्रारम्भ भएको यो महिनामा राष्ट्रले समान अवसरको वातावरण दिन नसक्लाले आफै विवादमा फस्ने सम्भावना देखिन्छ भने शासन क्षेत्रमा खासै सन्तुष्टि प्राप्त हुने देखिँदैन। ५ आइतवारको प्रभावले रोगव्याधिमा कमी आउने छाँट नभएपनि ५ सोमवारका प्रभावले अत्यावश्यक वस्तुहरु प्राप्त गर्नमा कठिनाई भने हुनेछैन। ५ मंगलवारका प्रभावले कहाँ र कहिले अनि कतिबेला के पो हुने हो भन्ने भयपूर्ण वातावरण भइरहने छ। किराजन्य रोगहरु, सर्पदंशको भय रहनेछ भने बाढीपहिलो, भेल, डुबान तथा खण्डवृष्टि र अतिवृष्टिहरुमा महिनाको उतरार्धमा केही कमी आउनेछ। कृषि तथा पशुजन्य वस्तुको उत्पादनबाट सोचे अनुसारको लाभ भएपनि सर्वसाधारणहरुको दैनिक जीवनयापन संघर्षशील नै हुदे देखिन्छ। राजनीतिक क्षेत्रमा आपसी टकराव भइरहला। राष्ट्रिय राजनीतिमा आपसी विश्वासको कमीका कारण विकास निर्माणका कार्यहरु अलपत्र अवस्थामा रहलान्। विस्तारै गर्मीको आभाष कम हुँदै जाला। खाद्यवस्तु तथा धातुजन्य वस्तुको भाउमा वृद्धि हुँदै जाला। धार्मिक क्षेत्रमा भने बढवा हुँदै जाला।

२०८२ आश्विन मासफलः श्री विक्रम संवत् २०८२ सालको छैठौं महिना आश्विन महिना ५ बुधवार ५ विहीवार ५ शुक्रवार तथा ४ शनिवार ४ आइतवार ४ सोमवार ४ मंगलवार मिलेर बनेको छ। बुधवारबाट प्रारम्भ भएको यो महिनामा सबै क्षेत्रमा केही सुखको अनुभूति हुने देखिन्छ। मानवजनमा खुसीको अनुभूति हुनेछ। रसादिवस्तुको उत्पादनमा वृद्धि नै हुनेछ भने बजारिवस्तुहरुमा सुलभ ढंगबाट प्राप्त हुनेछन्। मानिसहरुको मन धार्मिक कार्यमा लाग्ने भएकाले पनि एक आपसमा मेलमिलापको वातावरण रहनेछ। शिक्षामा सफलता प्राप्त हुने, मनमा जोशजाँगर आउने तथा कृषिकार्य र पशुपंक्षीका क्षेत्रमा पनि आम्दानीमा वृद्धि हुनेछ। राजनीतिक क्षेत्रमा भएका आरोप प्रत्योरोपमा केही कम नआउला भन्न सकिदैन। कर्मचारी वर्गहरुमा समेत कार्यमा उत्साह थपिनेछ भने प्रशासकीय क्षेत्रमा सन्तुलन कायम भइरहने छ। मूल्यवान रत्नहरुमा मूल्य स्थिरता रहने तथा सवारी साधनहरु भने छिटफुट दुर्घटना भइरहने भएकाले केही असन्तोषहरु पैदा हुन सक्लान्। महिनाको पूर्वाद्धमा वर्षातमा निरन्तरता भएपनि उत्तरार्द्धमा भने मौसम अनुकूल बन्दै जाला। बाढीपहिरोको प्रकोपहरुमा पनि कमी हुँदै जानेछ। मान्छेहरु धार्मिक कार्यमा लाग्नाले मनमा सन्तुष्ट र समाजमा शान्ति छाउने नै छ।

२०८२ कार्तिक मासफलः श्री विक्रम संवत् २०८२ सालको सातौं महिना कार्तिक महिना ५ आइतवार ५ शनिवार तथा ४ सोमवार ४ मंगलवार ४ बुधवार ४ विहीवार र ४ शुक्रवार मिलेर बनेको छ। शनिवारबाट प्रारम्भ भएको यो महिनामा जनसंख्यामा वृद्धि भएपनि बावालवालिकाहरुको स्वास्थ्य खासै राम्रो हुनेछैन। धान्यवस्तुहरुमा सुलभता भएपनि महंगीको चपेटाले भने नसताउला भन्न सकिदैन। अन्नपात उब्जनीका हिसावले राम्रो रहने यो महिनामा बजार भाउ पनि नियन्त्रणमै रहनेछ। जनसंख्या वृद्धिदर उच्च रहनेछ भने धान्यवस्तु सुलभ रहनेछ। शैक्षिक क्षेत्रको गतिविधि सामान्य रहनेछ भने प्रशासनिक क्षेत्रको सन्तुलन कायमै रहनेछ। राजनीतिमा समेत खासै विवाद हुने देखिदैन। सवारी दुर्घटनामा कमी आउनेछ भने बहुमूल्य धातुहरुको मूल्य वृद्धि हुनेछ। बजारी क्षेत्रको महंगी कमी होला भन्न सकिदैन। महिनाको मध्यभाग तिर सामान्य वर्षात रहनेछ। अनावश्यक खर्च समेत बढ्ने हुनाले जनमानसमा आर्थिक अभावको सिर्जनान भइरहने छ। व्यापार व्यावसायमा खासै वृद्धि होला जस्तो छैन। मान्छेहरु धार्मिक कार्यमा भन्दा पनि पापीय कार्यमा बढि लाग्ने सम्भावना बढि रहन्छ। रसादी तथा मसलाजन्य वस्तुको भाउमा समेत समानता कायम होला। पशुपक्षी र कृषि कार्यले फाइदा नै देला। कतै भने रोगको प्रकोप बढ्न सक्ला।

२०८२ मार्गशीर्ष मासफलः श्री विक्रम संवत् २०८२ सालको आठौं महिना मार्गशीर्ष महिना ५ सोमवार तथा ४ मंगलवार ४ बुधवार ४ विहीवार ४ शुक्रवार ४ शनिवार र ४ आइतवार मिलेर बनेको छ। सोमवारबाट प्रारम्भ भएको यो महिनामा देशको शासन सत्तामा शासकहरु केही लचक भएपनि राजनीतिक खिचातानी भइरहने छ। ५ सोमवारले खाद्यन्न जन्य वस्तुहरुमा सुलभता भएपनि महंगी बढ्नाले जनमानसमा असन्तोष छाउनेछ। दैवी विपत्ति लगायतका दैविक प्रकोपमा कमी आउला। अनावश्यक खर्च नियन्त्रण होला। प्रशासनिक क्षेत्रमा हुने सुधारले विकास निर्माणका कार्यमा सुधार हुँदै जाला। शिक्षाको क्षेत्रमा सुमधुर वातावरणको सिर्जना होला भने मौसममा छिटफुट परिवर्तन होला। महिनाको मध्यभागबाट उच्च हिमाली क्षेत्रमा हिमपात तथा तराईका क्षेत्रमा हुस्सुको प्रकोप बढेर जाला। कृषिजन्य तथा पशुपालनका क्षेत्रमा सन्तुलन कायम होला। सामाजिक कुरिती प्रति चेतनाको विकास भई धार्मिक कार्यमा सन्तुलन कार्यहरु होलान्।

२०८२ पौष मासफलः श्री विक्रम संवत् २०८२ सालको नवौं महिना पौष महिना ५ मंगलवार ५ बुधवार तथा ४ विहीवार ४ शुक्रवार ४ शनिवार ४ आइतवार ४ सोमवार मिलेर महिना बनेको छ। मंगलवारबाट प्रारम्भ भएको यो महिनामा मनुष्यजनमा प्रगति र जोशजाँजरहरु देखिनेछन्। मौसमका कारण जनजीवन प्रभाीवत मनुष्य जगतमा स्वास्थ्य आउने भएकाले यो महिनामा खासै शान्तिपूर्ण वातावरण भने देखिने छैन। बढ्दो चिसोका कारण जनजीवन प्रभावित होला। व्यापार व्यावसाय क्षेत्रमा खासै गिरावट आउने छैन भने धातुजन्य वस्तुहरुको मूल्यस्थिर अवस्थामा रहनेछ। कृषि पशुचौपायाबाट सामान्य लाभको अवस्था रहेपनि बालीनाली त्यत्ति राम्रो सप्रिने देखिँदैन तर दैविक दुर्घटनाहरुमा न्यूनीकरण आउला। राज्यको शासकीय र प्रशासकीय क्षेत्रमा समेत खासै उपलपुथल देखिने छैनन्। हिमपातका कारण मानव जीवन समेत प्रभावित हुनेछ भने महिनाको मध्यभागतिर सामान्य वर्षात् समेत हुनेदेखि। मौसमी वातावरणका कारण मानव जातीमा आलश्यता बढ्न सक्ला। विशेष गरी वृद्ध र दीर्घरोगीहरुका लागि यो महिना खासै उत्तम छैन। स्वास्थ्य प्रतिकूल समय रहनेछ।

२०८२ माघ मासफलः श्री विक्रम संवत् २०८२ सालको दशौं महिना माघ महिनामा ५ विहीवार र ४ शुक्रवार ४ शनिवार ४ आइतवार ४ सोमवार ४ मंगलवार तथा ४ बुधवार मिलेर बनेको छ। विहीवारबाट प्रारम्भ भएको यो महिनामा देशको आर्थिक तथा प्रशासकीय क्षेत्रदेखि व्यापारिक क्षेत्रसम्ममा पनि सन्तुलनको वातावरण बन्ने भएकाले शुभप्रद नै छ। ५ विहीवारका प्रभावले रसादिवस्तुहरुको उत्पादनमा राम्रै होला भने बजार भाउ तथा खाद्यन्न क्षेत्रमा पनि सन्तुलन कायम भइरहँदा जग्गा जमिन तथा कृषिजन्य कार्यमा सफलता प्राप्त नै होला। आंशिक रुपमा हुने वर्षा र हिमपातले दुःख देला भने तराईका क्षेत्रहरुमा हुस्सुका कारण जनजीवन कष्टकर बन्ला। सवारी दुर्घटनाले पनि जनधनमा क्षति पुग्ला। मान्छेहरु धार्मिक कार्य प्रति रुचि राख्ने भएकाले सामाजिक वातावरणमा सन्तुलित होला। राजनीतिक क्षेत्र खिचातानीमै अल्भिरहने भएकाले पनि प्रशासकीय क्षेत्रबाट विकासमा गतिरोध पनि हुन सक्ला। दलहन, तेलहन तथा खाद्य वस्तुमा हुने मूल्यवृद्धिले खिन्नता छाउला। शैक्षिक क्षेत्रको वातावरण सन्तुलन रहनेछ भने स्वास्थ्य क्षेत्रमा देखिने विभिन्न किटजनक रोगहरुमा कमी नआउला भन्न सकिदैन। महिनाको मध्य भागमा सामान्य वर्षात भएपनि खासै ठूलो असर पर्ने छैन। उत्तरार्द्धतिरबाट जनजीवन सामान्य बन्दै जानेछ भने स्वास्थ्यका क्षेत्रमा समेत सन्तुलन कायम हुनेछ।

२०८२ फाल्गुन मासफलः श्री विक्रम संवत् २०८२ सालको एघारौं महिना फाल्गुन महिना ५ शुक्रवार ५ शनिवार तथा ४ आइतवार ४ सोमवार ४ मंगलवार ४ बुधवार र ४ विहीवार मिलेर बनेको छ। शुक्रवारबाट प्रारम्भ भएको यो महिनामा जनसंख्या वृद्धि हुने कार्यले निरन्तरता पाउला। ५ शुक्रवारका प्रभावले जनमानसका कार्यहरुमा सन्तुलन नै भएपनि ५ शनिवारका कारण महंगी बढ्नाले मन सन्तोष नरहला। कृषिजन्य कार्य र पशुपालनमा लागेकाहरुले खासै प्रगति गर्न नसकेका कारण खिन्नता उत्पन्न होला। आर्थिक क्षेत्रमा सुधार हुने संकेत छैन भने राष्ट्रिय राजनीति समेत असन्तुलित होला। दैविक विपत्तिका घटनाहरुमा कमी आउनले भयरहित वातावरणको सिर्जना होला। धार्मिक कार्यमा समेत वृद्धि होला भने धातुजन्य वस्तुहरुमा बढ्ने महंगीका कारण व्यापार व्यावसायमा कमी आउला। विहान बेलुकाको मौसम चिसो रहेपनि दिउँसो मौसम घमाइलो हुँदै जाला। शैक्षिक क्षेत्रको उन्नतीमा बाधा नपुगेपनि प्रशासनिक क्षेत्रको कार्यशैली भने यथावत ढंगबाट अघि बढ्नेछ। महिनाको पूर्वार्द्धमा कतै बादल गर्जनदेखि हल्का वर्षातको सम्भावना रहेको छ भने मध्यभागबाट क्रमिक सुधार हुँदै जाने सम्भावना देखिन्छ। यो महिनामा दक्षिणी क्षेत्र भन्दा पनि उत्तरी क्षेत्रमा मौसममा आउने सुन्दरताले विशेष सन्तुलन हुनेछ।

२०८२ चैत्र मासफलः श्री विक्रम संवत् २०८२ सालको बाह्रौ तथा अन्तिम महिना चैत्र महिना ५ आइतवार ५ सोमवार तथा ४ मंगलवार ४ बुधवार ४ विहीवार ४ शुक्रवार र ४ शनिवार मिलेर बनेको छ। आइतवारबाट प्रारम्भ भएको यो महिनामा देशवासीले खासै सुख पाउने देखिँदैन। ५ आइतवारका प्रभावले रोगव्याधिमा समेत वृद्धि भएपनि ५ सोमवारका प्रभावले खाद्य वस्तुको बजार भाउमा भने नियन्त्रण नै होला। राष्ट्रिय राजनीतिमा खासै सन्तोषजनक देखिँदैन शासक वर्गबाट जनताले सन्तुष्टि प्राप्त गर्न सक्ने छैनन् भने शासक वर्गहरु आफैमा खिचातानीमा समय बर्वाद गर्नेछन्। पशुपालन र कृषिजन्य क्षेत्रको लगानीले राम्रै आम्दानी दिनेछ भने बेमौसमी खेतीबाट उत्पादनमा वृद्धि हुनाले केही सन्तुलन मिल्न जानेछ। आकाशमा बादलको गर्जन, कतै चट्याङ्ग त कतै हावाहुरीका कारण दुःख देला। वनमा लाग्ने डढेलोका कारण वन्यजन्तुहरुले समेत दुःखको सामना गर्नुपर्ला। दैविक दुर्घटनाहरु बढ्दै जालान। प्राणीजगतले संघर्ष गर्नुपर्ला। मानव जगतमा खासै जोश जाँगर नरहला।

मेष ARIES
(चु, चे, चो, ला, ली, लु, ले, लो, अ)

मेष राशिको वर्ष प्रारम्भ राशि गोचर ग्रहमा दृष्टि गर्दा मेष राशिलाई यो वर्ष मध्यम वर्षको रुपमा र हेको छ। एघारौ स्थानमा रहेको शनिले धनलाभको योग बनाएको छ भने चौथो स्थानमा रहेको मंगलले आफन्तहरुसँग क्लेश उत्पन्न गराउनेछ। मनमा भय तथा त्रासको वातावरण रहेपनि सावधानीपूर्वक कार्य गरेमा सफलता हात पर्नेछ । फाल्गुण १५ गतेदेखि शनिको आद्य साढेशाती सुरु हुने भएकाले मनमा केही असन्तोष पैदा हुनेछन् । गरेका कार्यमा विलम्बता आउन सक्छ भने फलामजन्य वस्तुहरुबाट चोटपटकको भय रहेको छ। व्यापार व्यावसाय मध्यम खालको रहनेछ। वैदेशिक क्षेत्रमा गरेको लगानीबाट सोच अनुरुप लाभ मिल्न कठिन भएपनि रोजगारीको क्षेत्रमा राम्रो छ। शैक्षिक क्षेत्रमा मिहिनत जारी राख्नु राम्रो होला। घर परिवारमा हुने मांगलिक कार्यले पारिवारिक सम्बन्ध राम्रो होला। वर्षको उत्तरार्द्धमा यात्रा गर्दा विशेष ध्यान दिन आवश्यक छ।

(स्वामीः मङ्गल, रत्नः मुगा, शुभरंगः रातो)

वृष TAURUS
(इ, उ, ए, ओ, वा, वि, वु, वे, वो)

वृष राशिको वर्ष प्रारम्भ राशि गोचर ग्रहमा दृष्टि गर्दा वृष राशिलाई यो वर्ष मध्यम वर्षको रुपमा रहेको छ । जग्गाजमिनबाट सामान्य आम्दानी होला । व्यापार व्यावसायको क्षेत्रमा सफलता मिल्नेछ भने भाषण कलामा वृद्धि हुनेछ । सन्तानबाट सोचे जस्तो कार्यहरु नहुन सक्छन् । आफन्तजनबाट समेत सहयोग प्राप्त हुनेछ तर धुम्रपान तथा मध्यपान जस्ता चीजबाट स्वास्थ्यमा असर पर्नेछ। छाला सम्बन्धि रोगले सताउन सक्नेछ। राज्यपक्षबाट लाभ हुनुको साथै मानसम्मानमा वृद्धि हुनेछ। धनवृद्धिको क्षेत्र बलियो रहनेछ। कहिलेकाँही असहज परिस्थितिहरुको सामना गर्नुपर्ला। साहसपूर्वक गरेका कार्यहरुमा सफलता प्राप्त हुने नै छ। धार्मिक कार्यमा मन लगाउनले राम्रै होला। भाइबन्धुहरुबाट भने खासै सहयोग प्राप्त नभएपनि कुटुम्बजनबाट हुने सहयोगमा कमी रहने छैन। रक्तविकारका समस्याहरु देखिनेछन्। बोलीको प्रभावले मान्छेलाई आफ्नो वशमा पार्न सकिएला।

(स्वामीः शुक्र, रत्नः हिरा, शुभरंगः सेतो)

मिथुन GEMINI
(क, कि, कु, घ, ङ, छ, के, को, ह)

मिथुन राशिको वर्ष प्रारम्भ राशि गोचर ग्रहमा दृष्टि गर्दा मिथुन राशिलाई यो वर्ष मध्यम वर्षको रुपमा रहेको छ। मनमा साहस बढेर आउनेछ भने पुरुषार्थले धनलाभ हुनेछ। मनमा उत्पन्न हुने क्रोधले आफैलाई हानी गर्नेछ। शारिरीक अवस्था राम्रै रहनेछ। आफ्नै विवेकले गरेका कार्यहरुले फाइदा दिनेछन् भने लेखन तथा शैक्षिक क्षेत्रमा उन्नती हुने योग रहेको छ। व्यवासायबाट सफलता प्राप्त होला भने परिवारबाट सहयोग प्राप्त हुनेछ। आफ्नै असावधानीका कारण बन्न लागेका कार्यहरुमा बाधा पुग्न सक्ने भएकाले होसियारी अपनाउनु राम्रो मानिनेछ। वर्षको उत्तरार्द्धमा खर्चमा मितव्ययीता अपनाउनु पर्नेछ। मनमा अनेक थरीका विषयहरुले प्रवेश गरेपनि सन्तानसँगको सल्लाह अनुसार कार्य गर्नुपर्नेछ। गाडि तथा फलामजन्य वस्तुहरुमा सुख प्राप्त नै छ। पशुचौपाया तथा कृषि क्षेत्रमा पनि राम्रो छ। परन्तु भाइबहिनीहरुबाट भने खासै सन्तोषजनक सहयोग हुनेछैन। राज्यबाट लाभ हुने नै छ।

(स्वामीः बुध, रत्नः पन्ना, शुभरंगः हरियो)

कर्कट CANCER
(हि, हु, हे, हो, डा, डि, डु, डे, डो)

कर्कट राशिको वर्ष प्रारम्भ राशि गोचर ग्रहमा दृष्टि गर्दा कर्कट राशिलाई यो वर्ष सामान्य वर्षको रुपमा रहेको छ। अढैया शनिको प्रभाव रहेको छ। यदि जन्मकुण्डलीमा उक्त ग्रह अशुभ स्थानमा रहेका भए सत्रुबाट पीडा तथा पारिवारिक समस्याहरु आउन सक्नेछन्। झुट्ठा आरोपहरु आइलाग्न सक्छन् भने शारिरीक आलस्यताले सताउने छ। मानसिक रुपमा तनाव भोग्नुपर्नेछ भने गरेका कार्यहरुमा पनि सफलता हात लाग्ने छैन। फाल्गुण १५ गतेदेखि शनिको अढैया सकिने भएकाले त्यसपछिका दिनहरुमा राम्रा रहनेछन्। वैदेशिक रोजगार तथा व्यापार व्यावसायबाट लाभ मिल्नेछ। शनिको जप, पूजा पाठ गर्नु राम्रो मानिन्छ। शैक्षिक क्षेत्रमा पनि उन्नती होला। कहिलेकाँही अपजसहरु सुन्न परेपनि कुटुम्बजनबाट सहयोग हुनेछ भने आफ्नै बोलिको प्रभावले बन्न लागेका काममा पनि बाधा पुग्न सक्नेछ। सावधानी अपनाउनु राम्रो हुनेछ।

(स्वामीः चन्द्रमा, रत्नः मोती, शुभरंगः सेतो)

वि.सं. २०८२ को साढेशाती दशा : यस वर्ष शनिदेव वर्षभरि नै मीन राशिमा रहनाले निम्न राशिका व्यक्तिहरुलाई निम्न अनुसार अढैया र साढेसाती शनि दशाको प्रभाव रहनेछ। कुम्भ राशिलाई वर्षभरि नै अन्त्य साढेसाती दशा रहनेछ भने मीन राशिलाई वर्ष भरि नै मध्य साढेसाती दशा रहनेछ। यसैगरि मेष राशिलाई वर्ष भरि नै आद्य साढेसाती दशा रहने छ भने सिंह र धनु राशिलाई वर्ष भरि नै अढैया शनि दशा रहनेछ। जन्मकुण्डलीमा शनि नीच अवस्थामा रहेकाले विशेष ध्यान दिन आवश्यक छ।

सिंह LEO

(मा, मि, मु, मे, मो, टा, टि, टु, टे)

सिंह राशिको वर्ष प्रारम्भ राशि गोचर ग्रहमा दृष्टि गर्दा सिंह राशिलाई यो वर्ष मध्यम वर्षको रुपमा रहेको छ। अढैया शनिको प्रभाव रहेको छ। वर्षको पूर्वाद्धमा आफूले गरेका कार्यहरुमा सफलता प्राप्त हुँदै जानेछन्। आत्मवल, सौन्दर्यता तथा साहसपूर्ण तरिकाले गरिएका कार्यहरुबाट लाभ प्राप्त हुनेछ। विपरित लिङ्गिसँग विवादहरु झेल्नु पर्नेछ। समस्याहरु आएपनि धैर्यताका कारण सफलता प्राप्त गर्न सकिनेछ। फाल्गुण १५ गतेपछि अढैया शनिको प्रभाव रहने भएकाले खासै राम्रो समय मानिदैंन। गरेका कार्यहरुमा असफलता मनमा नैराश्यता र शरिरमा आलस्यता आउन सक्छ। विशेष गरी शनिको जप तथा पूजा गरेमा केही उन्नती होला। शैक्षिक क्षेत्र बलियो भएपनि असावधानीले आफैलाई हानी पुऱ्याउन सक्छ। कुटुम्बको खासै भर नपर्दा हुनेछ। घर तथा जग्गाजमिनमा विवाद उत्पन्न हुनसक्छ। वैदेशिक रोजगारको क्षेत्र भने बलियो रहेको छ। अरुलाई दिएको धन फिर्ता आउन गाऱ्हो छ। कहिलेकाँही अनावश्यक धन खर्च हुनेछ।

(स्वामीः सूर्य, रत्नः माणिक्य, शुभरंगः रातो)

कन्या VIRGO

(टो, प, पि, पु, ष, ण, ठ, पे, पो)

कन्या राशिको वर्ष प्रारम्भ राशि गोचर ग्रहमा दृष्टि गर्दा कन्या राशिलाई यो वर्ष मध्यम वर्षको रुपमा रहेको छ। शारिरीक रुपमा केही समस्या आउन सक्नेछन्। आम्दानी भन्दा खर्च बढि रहेपनि धनको अभाव खट्किने छैन। भाइबहिनीहरुको सहयोगमा कमी आउनेछ भने केही बाधा अड्चनहरुको समेत सामना गर्नुपर्ने हुन्छ। धन खर्चका बाटाहरु बढिरहने छन्। मनमा चिन्ता र भयले डेरा जमाउने छ। वर्षको मध्यमबाट शरीरमा स्फूर्ति बढ्दै जानेछ। राज्यपक्षबाट लाभ मिल्नेछ भने शैक्षिक क्षेत्र बलियो हुँदै जानेछ। व्यापार व्यावसायबाट सोच अनुरुपको लाभ मिल्न नसकेपनि घाटा व्यहोरि हाल्नु पर्ने छैन। उच्च शिक्षा आर्जन गर्न होस् कि वैदेशिक क्षेत्रहरुमा होस् सोचे अनुरुप लाभ मिल्दा मन प्रशन्न हुनेछ। भोग विलाशमा रुचि बढ्न सक्छ। बोलिको प्रभावले मानिसहरुलाई आफ्नो बसमा पार्न सकिने छ। यात्राको समयमा भने सावधानीहरु अपनाउनु नै उत्तम हुनेछ भने भौतिक सुख सुविधाहरु उपयोग गर्न पाइने छ।

(स्वामीः बुध, रत्नः पन्ना, शुभरंगः हरियो)

तुला LIBRA

(र, रि, रु, रे, रो, ता, ति, तु, ते)

तुला राशिको वर्ष प्रारम्भ राशि गोचर ग्रहमा दृष्टि गर्दा तुला राशिलाई यो वर्ष मध्यम वर्षको रुपमा रहेको छ। आफन्त तथा कुटुम्बजनबाट प्राप्त हुने सहयोग मन प्रशन्न रहला। आफ्नै जिद्धि स्वभावका कारण पारिवारि झमेलाहरुमा फस्न सकिन्छ। आफ्नै अहमताका कारण कहिलेकाँही पछुताउनु पर्ने हुनसक्छ। जसका कारण मनमा अशान्ति पैदा हुन सक्छ। हिंस्रक जनावरहरुबाट टाढा बसेकै राम्रो। पराक्रममा केही कमी आएपनि खर्चमा हुने मितव्ययीताले दिनचर्याहरु सामान्य रहनेछन्। व्यापार व्यावसायबाट लाभ तथा राज्यपक्षबाट सम्मान प्राप्त होला। मावलीपक्षले भने जस्तो साथ दिने भएकाले कडा परिश्रम गर्नुपरे पनि सुखको अनुभूति हुनेछ। शैक्षिक क्षेत्रमा उन्नती तथा प्रगति होला। खानी तथा खनिज र पुरातत्वका क्षेत्रमा नलाग्नु नै उत्तम होला। सानातिना उल्झनहरु आएपनि बुद्धिमत्तापूर्वक कार्य गर्नुपर्नेछ। खानपानमा विशेष ध्यान दिन सकेको खण्डमा स्वास्थ्य अवस्था राम्रै होला। मधुर वाणी प्रयोग गर्दै आफ्नोलाई आफ्नो बोलिले प्रभावित बनाउन सकिएला।

(स्वामीः शुक्र, रत्नः हिरा, शुभरंगः सेतो)

वृश्चिक SCROPIO

(तो, ना, नि, नु, ने, नो, या, यि, यु)

वृच्छिक राशिको वर्ष प्रारम्भ राशि गोचर ग्रहमा दृष्टि गर्दा वृच्छिक राशिलाई यो वर्ष सामान्य वर्षको रुपमा रहेको छ। फाल्गुण १४ गतेसम्म अढैया शनि रहेकाले गरेका कार्यमा खासै उन्नती प्रगति हुने देखिँदैन। स्वास्थ्यमा बाधाहरु उत्पन्न हुनेदेखि शरिरमा आलस्यता र मनमा वैमनस्यता बढिरहने छन्। यात्राका क्रममा सुख भन्दा दुःखको बढि प्रभाव रहनसक्छ। फलामजन्य वस्तुहरुको प्रयोग गर्दा होसियारी अपनाउनु उत्तम होला। जन्मकुण्डलीमा शनि निच अवस्थामा भएमा शनिको जप, पूजा गर्नु अनिवार्य छ। आफ्नै स्वाभिमान र आफ्नै पराक्रम भएपनि क्रोधको कारण हानी पुग्न सक्छ। तर पनि राज्यपक्षबाट हुने सम्मानमा कमी हुने छैन। पारिवारिक रुपमा हुने सहयोगहरु पनि प्राप्त भइरहने छन्। व्यापार व्यावसायमा पनि सोचे अनुसारको लाभ उठाउन सकिएला। वैदेशिक रोजगारमा उन्नती होला। शैक्षिक क्षेत्रमा अलि कडा मिहिनत गर्नु राम्रो होला।

(स्वामीः मङ्गल, रत्नः मुँगा, शुभरंगः रातो)

नोटः पञ्चाङ्ग (पात्रो) मा लेखिएको राशिफल सबै-सबैलाई आधार मानेर सबैका लागि एकमुष्ट रुपमा हेरिएको छ। त्यसैले राशिफल उमेर, कुण्डलीमा ग्रहको स्थिति, आयु, देशकाल र परिस्थिति अनुसार लागु हुनेछ।

धनु SAGITTARIOUS

(ये, यो, भ, भि, भु, ध, फा, ढ, भे)

धनु राशिको वर्ष प्रारम्भ राशि गोचर ग्रहमा दृष्टि गर्दा धनु राशिलाई यो वर्ष सामान्य वर्षको रुपमा रहेको छ। वर्षको पूर्वाद्धमा सोचे अनुसारका कार्यहरु बन्दै जानेछन् । व्यापार व्यावसाय तथा शैक्षिक क्षेत्रदेखि रोजगारीसम्मका क्षेत्रमा उन्नती र प्रगति होला । मंगलको प्रभावले तपाईको प्रगतिमा डाहा गर्नेहरुको कमी हुनेछैन। कहिलेकाँही आफ्नै बोलिको प्रभाव अनावश्यक झै झगडामा समेत फस्न सकिन्छ । वर्षको उत्तरार्द्ध भने तपाईका लागि खासै राम्रो मानिर्दैन । फाल्गुण १५ गतेसम्म सुरु हुने अढैया शनिको प्रभावले विभिन्न गतिविधिहरुमा रोकावट हुन सक्छ । गरेका कार्यमा खासै उन्नती प्रगति हुने देखिँदैन। स्वास्थ्यमा बाधाहरु उत्पन्न हुनेदेखि शरिरमा आलस्यता र मनमा वैमनस्यता बढिरहने छन् । शत्रुहरुको प्रभाव रहने भएकाले विशेष ध्यान पुऱ्याउनु जरुरी मानिन्छ। जन्मकुण्डलीमा शनि निच अवस्थामा भएमा शनिको जप, पूजा गर्दा सोचे अनुसारका कार्यहरुबाट लाभ लिन सकिएला । वैदेशिक रोजगारमा उन्नती होला । शैक्षिक क्षेत्रमा सुखद नै रहने छ।

(स्वामीः बृहस्पति, रत्नः पुष्पराज, शुभरंगः पहेँलो)

मकर COPRICORN

(भो, ज, जि, खि, खु, खे, खो, गा, गि)

मकर राशिको वर्ष प्रारम्भ राशि गोचर ग्रहमा दृष्टि गर्दा मकर राशिलाई पनि यो वर्ष सामान्य वर्षको रुपमा नै रहेको छ। फाल्गुण १४ गतेसम्म अन्त्य साढेशाती शनिको प्रभाव कायमै रहने भएकाले मनमा सोचे अनुसारका कार्यहरुमा सफलता मिल्ने देखिँदैन । शारिरीक कष्टता रहन सक्छ। खानी तथा पुरातत्वको क्षेत्रमा राम्रो भएपनि जन्मकुण्डलीमा शनि अशुभ स्थानमा रहेको खण्डमा फलामजन्य क्षेत्रबाट पनि दुःखकष्ट हुन सक्छ। व्यापार तथा शैक्षिक क्षेत्रमा आंशिक लाभ भएपनि मनमा चंचलता कायम नै रहनेछ। फाल्गुण १५ गतेदेखि अन्त्य साढेशाती पनि सकिने भएकाले वर्षको उत्तरार्द्धमा भने सोचे अनुसारका कार्यहरुमा सफलता मिल्दै जानेछन् । वैदेशिक रोजगारीमा सोचे अनुसार फाइदा लिन सकिनेछ। आफन्त तथा परिवारजनबाट सोचे अनुसारको सहयोग लिन सकिने छैन तर कुटुम्बजनको सहयोगले खासै अभाव खड्किने छैन । धार्मिक कार्यबाट आत्मसन्तुष्टि मिल्ने नै छ।

(स्वामीः शनि, रत्नः निलम, शुभरंगः कालो)

कुम्भ AQUARIUS

(गु, गे, गो, सा, सि, सु, से, सो, द)

कुम्भ राशिको वर्ष प्रारम्भ राशि गोचर ग्रहमा दृष्टि गर्दा कुम्भ राशिलाई पनि यो वर्ष मध्यम वर्षको रुपमा नै रहेको छ । आफ्नै बुद्धिले गरेका कार्यमा सफलता पाइएला । स्वास्थ्य अवस्था केही कमाजोर रहेपनि कडा मिहिनत गर्नु नै पर्नेछ। वैदेशिक रोगजारीबाट प्रशस्त लाभ लिन सकिने छ भने आफन्तजन तथा भाइबहिनीहरुबाट सहयोग मिल्ने नै छ। शत्रु पक्षले केही दुःख दिने प्रयन्त गर्नेछन् । विपरित लिङ्गीबाट सामान्य सहयोग रहेपनि व्यापार व्यावसायको क्षेत्रमा भने सफलता प्राप्त हुने नै छ। वर्षको उत्तरार्द्धमा पशु चौपायका क्षेत्रमा सामान्य वृद्धि हुनेछ भने कृषि क्षेत्र भने बलियो नै छ । धार्मिक क्षेत्रका कार्यहरु गर्नुपर्ने भएकाले मन आनन्दित रहला । शैक्षिक क्षेत्र बलियो रहेको छ भने विनम्रता र शालिनताले सम्मानहरु प्राप्त हुँदै जानेछन् । मुत्राशय जस्ता भित्री अंगहरुमा लाग्न सक्ने रोगले समस्या निम्त्याउन सक्छ। खानपानमा विशेष ध्यान दिनु जरुरी छ। जग्गाजमिन प्राप्त हुने, धर्मकर्ममा मन जाने भएकाले पनि सुखको अनुभूति होला। आफन्तजनहरुबाट भने गरिएको विश्वासमा घात हुनसक्छ। सचेत रहन जरुरी छ।

(स्वामीः शनि, रत्नः निलम, शुभरंगः कालो)

मीन PISCES

(दि, दु, थ, झ, ञ, दे, दो, च, चि)

मीन राशिको वर्ष प्रारम्भ राशि गोचर ग्रहमा दृष्टि गर्दा मीन राशिलाई पनि यो वर्ष सामान्य वर्षको रुपमा नै रहेको छ। फाल्गुण १४ गतेसम्म आद्य साढेशातीको प्रभाव कम नहुँदै फाल्गुण १५ गतेबाट मध्य साढेशातीको प्रभाव पर्ने भएकाले शारिरीक आलस्यता कायमै रहनेछ। गर्न खोजेका कार्यहरुमा सफलता हात पार्न निकै परिश्रम गर्नुपर्नेछ । कुटुम्बजनको सहयोगमा पनि कमी हुनेछ भने भाइबन्धुहरुको सहयोग पनि प्राप्त गर्न कठिन हुनेछ। हरेक कार्यहरु गर्दा होसियारीपूर्वक गर्नु जरुरी छ । जन्मकुण्डलीमा शनि अशुभ स्थानमा भएको अवस्थामा शनिको जप तथा पूजा गरेको खण्डमा केही राम्रा प्राप्तिहरु हात पर्न सक्छन् । शारिरीक रुपमा चोटपटकको भय रहेको छ भने पारिवरिक सहयोगका कारण मनमा अनेक तर्कनाहरु आउन सक्छन् । दैनिक रुपमा बढ्दै जाने खर्चको कारण मनमा चिन्ता हुनेछ। यात्रामा पनि सावधानी अपनाउनु उचित मानिन्छ।

(स्वामीः वृहस्पति, रत्नः पुष्पराज, शुभरंगः पहेँलो)

नोटः पञ्चाङ्ग (पात्रो) मा लेखिएको राशिफल सबै-सबैलाई आधार मानेर सबैका लागि एकमुष्ट रुपमा हेरिएको छ। त्यसैले राशिफल उमेर, कुण्डलीमा ग्रहको स्थिति, आयु, देशकाल र परिस्थिति अनुसार लागु हुनेछ।

नेपालका जिल्लाका अक्षांश र देशान्तर विवरण र स्टाण्डर्ड समयसँग हुने समयान्तर (मिनेट सेकेण्डमा)

क्र.सं.	स्थानहरु	अक्षांश उत्तर	देशान्तर पूर्व	समायान्तर (मि./से.)
	कोशी प्रदेश			
१.	ताप्लेजुङ्ग (ताप्लेजुङ्ग)	२७°२'	८७°४१'	+५।४४
२.	पाँचथर (फिदिम)	२७°८'	८७°४६'	+६।४
३.	इलाम (इलाम)	२६°५५'	८८°५५'	+६।४०
४.	झापा (चन्द्रगढी)	२६°३५'	८८°४'	+७।१६
५.	संखुवासभा (खाँदबारी)	२७°२२'	८७°१३'	+३।५२
६.	भोजपुर (भोजपुर)	२७°१०'	८७°४'	+३।१६
७.	तेह्रथुम (म्याङलुङ)	२७°८'	८७°३२'	+५।८
८.	धनकुटा (धनकुटा)	२६°५८'	८७°२०'	+४।२०
९.	मोरङ (विराटनगर)	२६°२७'	८७°१७'	+४।८
१०.	सुनसरी (इनरुवा)	२६°३६'	८७°९'	+३।३६
११.	सोलुखम्बु (सल्लेरी)	२७°३०'	८६°३६'	+१।२४
१२.	ओखलढुङ्गा (ओखलढुङ्गा)	२७°१९'	८६°३२'	+१।८
१३.	खोटाङ (दिक्तेल)	२७°१३'	८६°४८'	+२।१२
१४.	उदयपुर (गाइघाट)	२६°४७'	८६°३२'	+१।८
	मिथिला प्रदेश			
१५.	सप्तरी (राजविराज)	२६°३२'	८६°४५'	+२।०
१६.	सिराहा (सिराहा)	२६°३९'	८६°१३'	-०।८
१७.	धनुषा (जनकपुरधाम)	२६°४३'	८५°५६'	-१।१६
१८.	महोत्तरी (जलेश्वर)	२६°३९'	८५°४८'	-१।४८
१९.	सर्लाही (मंलङ्गवा)	२६°५१'	८५°३३'	-२।४८
२०.	रौतहट (गौर)	२६°४६'	८५°१६'	-३।५६
२१.	बारा (कलैया)	२७°२'	८५°२'	-४।५२
२२.	पर्सा (विरगंज)	२६°५९'	८४°५२'	-५।३२

क्र.सं.	स्थानहरु	अक्षांश उत्तर	देशान्तर पूर्व	समायान्तर (मि./से.)
	बागमती प्रदेश			
२३.	दोलखा (चरिकोट)	२७°४१'	८६°३'	-०।४८
२४.	रामेछाप (मन्थली)	२७°२७'	८६°६'	-०।३६
२५.	सिन्धुली (सिन्धुलीमाढी)	२६°४३'	८५°५५'	-१।२०
२६.	सिन्धुपाल्चोक (चौतारा)	२७°४७'	८८°४३'	-२।८
२७.	काभ्रेपलाञ्चोक (धुलिखेल)	२७°३७'	८५°३४'	-२।४४
२८.	भक्तपुर (भक्तपुर)	२७°४०'	८५°२६'	-३।१६
२९.	काठमाडौं (काठमाडौं)	२७°४२'	८५°१९'	-३।४४
३०.	ललितपुर (ललितपुर)	२७°४१'	८५°२०'	-३।४०
३१.	रसुवा (धुन्चे)	२८°७'	८५°१८'	-३।४८
३२.	धादिङ (धादिङबेसी)	२७°५४'	८५°५४'	-५।२४
३३.	मकवानपुर (हेटौडा)	२७°२६'	८५°२'	-४।५२
३४.	नुवाकोट (विदुर)	२७°५३'	८५°८'	-४।२८
३५.	चितवन (भरतपुर)	२७°४०'	८४°२६'	-७।१६
	गण्डकी प्रदेश			
३६.	गोरखा (गोरखा)	२८°०'	८४°३६'	-६।३६
३७.	लमजुङ्ग (बेसीशहर)	२८°१४'	८४°२३'	-७।२८
३८.	तनहुँ (दमौली)	२७°५८'	८४°१७'	-७।५२
३९.	नवलपुर (कावासोती)	२७°१९'	८३°२४'	-१०।२४
४०.	मनाङ्ग (चामे)	२८°३३'	८४°१५'	-८।०
४१.	कास्की (पोखरा)	२८°१३'	८३°५९'	-९।४
४२.	पर्वत (कुस्मा)	२८°१४'	८३°४२'	-१०।१२
४३.	स्याङ्जा (स्याङ्जा)	२८°६'	८३°५३'	-९।२८
४४.	मुस्ताङ्ग (जोमसोम)	२८°४७'	८३°४४'	-१०।४

क्र.सं.	स्थानहरु	अक्षांश उत्तर	देशान्तर पूर्व	समायान्तर (मि./से.)
४५.	म्याग्दी (बेनी)	२८°२१'	८३°३४'	-१०।४४
४६.	बाग्लुङ्ग (बाग्लुङ्ग)	२८°१६'	८३°३६'	-१०।३६
	लुम्बिनी प्रदेश			
४७.	परासी (रामग्राम)	२७°१९'	८३°२४'	-१०।२४
४८.	पाल्पा (तानसेन)	२७°५२'	८३°५३'	-९।२८
४९.	रुपन्देही (भैरहवा)	२७°३०'	८३°२७'	-११।१२
५०.	गुल्मी (तम्घास)	२८°१'	८३°१५'	-१२।०
५१.	अर्घाखाँची (सन्धिखर्क)	२७°५८'	८३°८'	-१२।२८
५२.	कपिलवस्तु (तौलिहवा)	२७°३३'	८३°३'	-१२।४८
५३.	प्यूठान (प्यूठान खलंगा)	२८°५'	८२°५४'	-१३।२४
५४.	रुकुम-पूर्व (रुकुमकोट)	२८°२२'	८२°२२'	-१५।१२
५५.	रोल्पा (लिवाङ्ग)	२८°१८'	८२°३८'	-१४।२८
५६.	दाङ (घोराही)	२८°२'	८२°२९'	-१५।४
५७.	बाँके (नेपालगञ्ज)	२८°४'	८१°३८'	-१८।२८
५८.	बर्दिया (गुलरिया)	२८°१२'	८१°२०'	-१९।४०
	कर्णाली प्रदेश			
५९.	रोल्पा (दुनै)	२८°५६'	८२°५४'	-१३।२४
६०.	रुकुम-पश्चिम (मुसिकोट)	२८°३७'	८२°२९'	-१५।१२
६१.	सल्यान (खलंगा)	२८°२३'	८२°१०'	-१६।२०
६२.	जाजरकोट (जाजरकोट)	२८°४२'	८१°१२'	-१६।१२
६३.	सुर्खेत (वीरेन्द्रनगर)	२८°३६'	८१°३९'	-१८।२४
६४.	मुगु (गमगढी)	२९°३३'	८२°१०'	-१६।२०
६५.	जुम्ला (जुम्ला खलंगा)	२९°१७'	८२°११'	-१६।१६
६६.	कालिकोट (मान्मा)	२९°९'	८१°३६'	-१८।३६

क्र.सं.	स्थानहरु	अक्षांश उत्तर	देशान्तर पूर्व	समायान्तर (मि./से.)
६७.	दैलेख (दैलेख)	२८°५०'	८१°४३'	-१८।८
६८.	हुम्ला (सिमिकोट)	२९°५८'	८१°४९'	-१७।४४
	सूदुरपश्चिम प्रदेश			
६९.	बाजुरा (मार्तडी)	२९°२७'	८१°२९'	-१९।४
७०.	अछाम (मंगलसेन)	२९°८'	८१°१५'	-२०।०
७१.	कैलाली (धनगढी)	२८°४१'	८०°३६'	-२२।३६
७२.	बझाङ (चेनपुर)	२९°३३'	८१°१२'	-२०।१२
७३.	डोटी (सिलगढी)	२९°१६'	८०°५९'	-२१।४
७४.	दार्चुला (दार्चुला)	२९°५१'	८०°३३'	-२२।४८
७५.	बैतडी (बैतडी)	२९°३३'	८०°१६'	-२३।५६
७६.	डडेलधुरा (डडेलधुरा)	२९°१८'	८०°३५'	-२२।४०
७७.	कञ्चनपुर (महेन्द्रनगर)	२८°५७'	८०°११'	-२४।१६

हराए वा चोरी भएको वस्तु ज्ञानः प्रश्नकालको तिथि, वार, नक्षत्र, प्रहर जोडि ८ गे गुणा गर्नु र ७ ले भाग गर्नु। १ शेष रहे भूमिमा गाडेको छ, २ शेष रहे भाँडोमा राखेको छ, ३ शेष रहे जलमा छ, ४ शेष रहे हावामा अथवा झुन्ड्याएर राखेको छ, ५ शेष रहे कसिंगर वा फोहोरमा छ, ६ शेष रहे गोवर वा गोठमा छ र शुन्य शेष रहे खरानीमा राखेको छ भनी जान्नु।

कागस्पर्शफलम्ः कागले शिरमा छोए दरिद्र, कटिमा छोए अनिष्ट, स्त्रीको शिरमा छोए पुत्रबाधा होला तर रुखमुनि बसेको अवस्थामा दोष लाग्दैन। कागमैथुन देखे अनिष्ट हुन्छ शान्ति गर्नुपर्छ।

वरवधूगुणमेलापकसारिणी

गुण मिलानमा ३६ अंक हुन्छ। १८ अंक भन्दा कम भएमा विवाह जुर्दैन। २० अंक भए मध्यम, ३० सम्म भए उत्तम ३० देखि माथि अतिउत्तम मानिन्छ। नाडी, षडषक अनिवार्य जुर्नु पर्दछ।

वर राशि		मेष			वृष			मिथुन			कर्कट			सिंह			कन्या			तुला			वृश्चिक			धनु				मकर				कुम्भ			मीन		
राशि	नक्षत्र	अश्विनी	भरणी	कृत्तिका १	कृत्तिका ३	रोहिणी	मृगशिरा २	मृगशिरा २	आर्द्रा	पुनर्वसु ३	पुनर्वसु १	तिष्य	अश्लेषा	मघा	पु. फाल्गुनी	उ.फाल्गुनी १	उ.फाल्गुनी ३	हस्ता	चित्रा २	चित्रा २	स्वाती	विशाखा ३	विशाखा १	अनुराधा	ज्येष्ठा	मूल	पू.षाढा ॥	पू.षाढा ३॥	उ.षाढा १	उ.षाढा ३	श्रवण १॥	श्रवण २॥	धनिष्ठा २	धनिष्ठा २	शतभिषा	पू.भाद्रपदा ३	पू.भाद्रपदा १	उ.भाद्रपदा	रेवती
मेष	अ.	२८	३३	२८॥	१८॥	२१॥	२२॥	२५॥	१६॥	१८॥	२४॥	३३	२९	२३	२७	१७॥	१०॥	९॥	१२॥	२२	२७	२२	१९॥	२६॥	१५	१२॥	२४॥	२६	२३	२६	२७	२५॥	२१	१९॥	१४॥	१५॥	१५॥	२५॥	२७
	भ.	३४	२८	२९	१९	२२॥	१४॥	१७॥	२५॥	२६॥	३२॥	२५	२६॥	२२	२०	२८	२१	१९॥	४॥	१४	२९	२२	१९॥	१७॥	१९॥	१९॥	१७॥	१९	२५॥	२९	२७	२५॥	११	९॥	१९॥	२३॥	२३॥	१८॥	२७॥
	कृ.१	२७॥	२९	२८	१८	११	१७॥	२०॥	१९॥	२०॥	२६॥	२८	२४॥	१६॥	२०	२२	१५	१५	१७॥	२७	१५	१९	१६॥	२०॥	२६॥	२४	१७॥	१९	१२॥	१६	१२॥	११	२६	२४॥	२६॥	१८॥	१८॥	२०॥	१२॥
वृष	कृ.३	१८॥	२०	१९	२८	२१	२७॥	१८	१७	१८	२३	२४	२१	१८॥	२२	२४	२०॥	२०॥	२३	२२	१०	१४	२१॥	२५॥	३१॥	१९॥	१३	१४॥	८	१४	११	९॥	२४॥	२९	३१	२३	२१	२३	१५
	रो.	२३॥	२३॥	१२	२१	२८	३६	२६॥	२३	२३	२८	२९	१४	१२॥	२६॥	२८	२४॥	२५॥	१९॥	१८॥	१५	९	१६॥	३०॥	२४॥	१३॥	१९॥	२१	११	१७	१९	१७॥	२१	२५॥	२४	३०	२८	२७	२०
	मृ.२	२३॥	१४॥	१९॥	२८॥	३५	२८	१८॥	२३॥	२३	२८	२१	२३	२१॥	१७॥	२५॥	२२	२५॥	१२॥	११॥	२४॥	१८	२५॥	२२॥	२५॥	१४॥	१०॥	१२	१६॥	२३	२७	२५॥	१४	१८॥	२६॥	२९	२७	१८	२८
मिथुन	मृ.२	२६॥	१७॥	२२॥	२०	२६॥	१९॥	२८	३३	३२॥	२०	१३	१५	२४	२०	२८	३०॥	३४	२१	१४	२७	२०॥	१५	१२	१५	२३	१९	१७॥	२५	२०	२४॥	२६	११॥	१३	२१	२३॥	२५॥	१६॥	२६॥
	आ.	१८॥	२६॥	२०॥	१८	२४	२५॥	३४	२८	२५	१२॥	२०	१३	२३	२९	२२	२४॥	२४॥	२७	२०	२७	२०	१४॥	१८	४	१६	२८	२६॥	२८	२३	२३	२४॥	१७॥	१९	१२	१७	१९	२६॥	२६॥
	पु.३	१८॥	२५॥	२२॥	२०	२३	२४	३२॥	२४	२८	१५॥	२३	१७	२३	२७	२१	२३॥	२४॥	२६॥	१९॥	२७	२१	१५॥	२१॥	७	१४	२७	२५॥	२७	२२	२३	२४॥	१८	१९॥	१३	१७	१९	२७	२६॥
कर्कट	पु.१	२२॥	२९॥	२६॥	२३	२६	२७	१९	१०॥	१४॥	२८	३५	२९॥	१७॥	२१॥	१५॥	१७	१८	२०	१९॥	२७	२१	२०	२६	११॥	८	२१	२२॥	२१	२६	२७	२५॥	२२	१३॥	७	११	१७	२५	२४॥
	ति.	३१॥	२२॥	२७॥	२४	२७	२०	१२	१८	२१॥	३५	२८	३०	१८॥	१४॥	२४॥	२६	२७	१२	११॥	२६॥	२१	२०	१९	२२	१७	११	१२॥	२२	२७	२५	२३॥	१३	४॥	१४॥	२८	२४	१८	२७
	अ.	२६	२४॥	२३॥	२०	१३	२१	१३	१२	१५	२८॥	२९	२८	१६	१६॥	१८॥	२०	२०	२५	२४॥	११॥	१६॥	१५॥	२०	२६	२२॥	१६	१७॥	८	१३	१३	११॥	२७	१८॥	१८॥	१२॥	१८॥	२०	१२
सिंह	म.	२१	२१	१७॥	१८॥	११॥	१९॥	२२	२२	२१	१७॥	२०	१७	२८	३०	२६॥	१६	१६	२२	२५	११	१७	२४॥	२६॥	३४	२४॥	१९॥	२१	१०	५॥	५॥	४	१८॥	२४	२५	१८	१८॥	१९॥	१३
	पुफा.	२७	१९	२१	२२	२५॥	१७॥	२०	२८	२७	२३॥	१८	१७॥	३०	२८	३४	२३॥	२२	८	११	२५	१९	२६॥	२४॥	२६॥	१८॥	१७॥	१९	२५॥	२१	१९॥	१८	४॥	१०	१९	२४	२४॥	१७॥	२५॥
	उफा.१	१८॥	२७	२२	२३	२७	२५॥	२८	२१	२१	१७॥	२७	१९॥	२६॥	३४	२८	१७॥	१६॥	१४	१७	२६	१७	२४॥	३३॥	१९॥	१०	२५॥	२७	२६॥	२२	२१	१९॥	१२॥	१८	१२	१६	१६॥	२७॥	२५॥
कन्या	उफा.३	१२॥	२१	१६	२०॥	२४॥	२३	३०॥	३३॥	२३॥	१९	२८	२१	१७	२४॥	१८॥	२८	२७	२४॥	१६॥	२५॥	१६॥	१९	२८	१४	१४	२९॥	२८	३०॥	२६	२४॥	२६	१६	१६॥	१०॥	१४॥	१७॥	२८॥	२६॥
	ह.	१०॥	१९॥	१७	२१॥	२४॥	२५॥	३३	२२॥	२३॥	१९	२८	२२	१८	२२	१६॥	२६	२८	२८	२०	२६॥	१८॥	२१	२७	१४	१५	२७	२५॥	२८॥	२४	२४॥	२६	२०॥	२१	९॥	१५॥	१८॥	२६॥	२७॥
	चि.२	१२॥	५॥	१८॥	२३	१९॥	११॥	१९	२६	२४॥	२०	१२	२६	२३	९	१५	२४॥	२७	२८	२०	१९	२६॥	२९	१३	२७	२७	१३	११॥	२२	१७	१७॥	१९	१६॥	१७	२४	१७॥	२०॥	१०॥	२०॥

वरवधूगुणमेलापकसारिणी

गुण मिलानमा ३६ अंक हुन्छ। १८ अंक भन्दा कम भएमा विवाह जुर्दैन। २० अंक भए मध्यम, ३० सम्म भए उत्तम ३० देखि माथि अतिउत्तम मानिन्छ। नाडी, षडाष्टक अनिवार्य जुर्नु पर्दछ।

वर राशि		मेष			वृष			मिथुन			कर्कट			सिंह			कन्या			तुला			वृश्चिक			धनु				मकर				कुम्भ			मीन		
राशि	नक्षत्र	अश्विनी	भरणी	कृत्तिका १	कृत्तिका ३	रोहिणी	मृगशिरा २	मृगशिरा २	आर्द्रा	पुनर्वसु ३	पुनर्वसु १	तिष्य	अश्लेषा	मघा	पू. फाल्गुनी	उ.फाल्गुनी १	उ.फाल्गुनी ३	हस्ता	चित्रा २	चित्रा २	स्वाती	विशाखा ३	विशाखा १	अनुराधा	ज्येष्ठा	मूल	पू.षाढा ॥	पू.षाढा ३॥	उ.षाढा १	उ.षाढा ३	श्रवण १॥	श्रवण २॥	धनिष्ठा २	धनिष्ठा २	शतभिषा	पू.भाद्रपद ३	पू.भाद्रपद १	उ.भाद्रपद	रेवती
तुला	चि.२	२२	१५	२८	२३	१९॥	११॥	१३	२०	१८॥	१९॥	१२	२५॥	२६	१२	१८	१७॥	२०	२१	२८	२७	३४॥	२४॥	८॥	२२॥	२७	१३	११॥	२२	२५	२५॥	२७	२४॥	१९	२६	१९॥	१३॥	३॥	१३॥
	स्वा.	२८	२९	१७	१२	१५	२५॥	२७	२६	२७	२८	२८	१३॥	१३	२५	२६	२५॥	२७॥	२१	२८	२८	२०	१०	२२॥	१७॥	२३	२७	२५॥	१९	२२	२३	२४॥	२८॥	२३	२१	२७	२१	१९॥	१२॥
	वि.३	२२	२३	२०	१५	१०	१८	१९॥	२०	२०	२१	२१	१७॥	१८	२०	१८	१७॥	१८॥	२७॥	३४॥	१९	२८	१८	१८	२२॥	२७	२१	१९॥	१४	१७	१६	१७॥	३१	२५॥	२६	२१	१५	१३	५॥
वृश्चिक	वि.१	१७॥	१८॥	१५॥	२०॥	१५॥	२३॥	१३	१३॥	१३॥	१९	१९	१५॥	२३॥	२५॥	२३॥	१८	१९	२८	२३॥	८	१७	२८	२८	३२॥	२२॥	१६॥	१७॥	९॥	१३	१२	११	२७	२६	२६॥	२१॥	२१	१९	११॥
	अ.	२५॥	१५॥	२०॥	२५॥	२८॥	२१॥	११	१६	२०॥	२६	१९	२१	२६॥	२२॥	३१॥	२६	२६	१२	७॥	२१॥	१७	२८	२८	३१	१६॥	१४॥	१५॥	२२॥	२६	२७	२६	१४	१३	२२	२६॥	२६	१९	२७
	ज्ये.	१३	१८॥	२५॥	३०॥	२३॥	२३॥	१३	३	५	१०॥	२१	२६	३३	२५॥	१८॥	१३	१२	२५	२०॥	१५॥	२०॥	३१॥	३०	२८	१५	१७॥	१८॥	१७॥	२१	२१	२०	२७	२६	१९	१२	११॥	२२	२१
धनु	मू.	११॥	१९॥	२४	१८॥	१२॥	१२॥	२१	१५	१२	८	१७	२३	२४॥	१८॥	१०	१३	१३	२६	२६	२१	२६	२३॥	१६॥	१६	२८	२८	२६॥	२६॥	१५	१५	२६॥	२०	२८॥	२१॥	१४॥	१६	२५	२६॥
	पू.॥	२५॥	१८॥	१७॥	१२	१८॥	१०॥	१९	२७	२७	२३	१३	१७	१९॥	२७॥	२५॥	२८॥	२७	१२	१२	२७	२०	१७॥	१६॥	१८॥	२८	२८	२६॥	३४	२३	२३	२४॥	८	१६॥	२३॥	३०॥	३२	२३	३२
	पू.३॥	२७	२०	१९	१३॥	२०	१२	१७॥	२५॥	२५॥	२४	१५	१८॥	२१	१९	२७	२७	२५॥	१०॥	१०॥	२५॥	१८॥	१८॥	१७॥	१९॥	२६॥	२६॥	२८	३२॥	२४	२४॥	२३	९॥	१५	२२	२९	३३॥	२४॥	३३॥
	उ.१	२४	२५॥	१२॥	७	१०	१६॥	२५	२७	२७	२३	२४	९	१०	२५॥	२६॥	२९	२८॥	२१	२१	१९	१३	१०॥	२४॥	१८॥	२६॥	३६	३४॥	२८	१७	१६॥	१८	१२५	२३॥	२३॥	२९॥	३१	३२	२३
मकर	उ.३	२८	२९॥	१६॥	१४	१७	२३॥	२०	२२	२२	२८	२९	१४	६॥	२२	२३	२५॥	२४॥	१७	२४	२२	१६	१४	२८	२२	१६	२५॥	२७	१७॥	२८	२८	२६॥	२६॥	१७	१७	२३	३०॥	३१॥	२२॥
	श्र.१॥	२८	२८	१४॥	१२	१८	२७	२३॥	२१	२२	२८	२६	१५	७॥	१९॥	२१	२३॥	२४॥	१८॥	२५॥	२२	१६	१४	२८	२३	१७	२३	२४॥	१४॥	२५	२८	२६॥	३०	२०॥	१८	२३	३०॥	२९॥	२३॥
	श्र.२॥	२६॥	२६॥	१३	१०॥	१६॥	२५॥	२५	२२॥	२३॥	२६॥	२५	१३॥	६	१८	१९॥	२५	२६	२०	२७	२३॥	१७॥	१३	२७	२२	१८	२४॥	२३	१६	२४	२६॥	२८	२८॥	२२	१९॥	२४॥	२९	२८	२२
	ध.२	२१	१२	२७	२४॥	२१	१३	९॥	१६॥	१६	२२	१३	२८	१९॥	५॥	१३॥	१६	१९॥	१६॥	२३॥	२६॥	३०	२८	१४	२८	२१	८	९॥	१६	२७	२८	२६॥	२८	१८॥	२३॥	१९	२६॥	१५॥	२२॥
कुम्भ	ध.२	१९॥	१०॥	२५॥	३०	२६॥	१८॥	१२	१९	१८॥	१३॥	४॥	१९॥	२५	११	१९	१७॥	२१	१८	१९	२२	२५॥	२७	१३	२७	२९॥	१६॥	१५	२४॥	१८	१९॥	२१	१९॥	२८	३३	२८॥	१८	७	१४
	श.	१४॥	२०॥	२७॥	३२	२५	२६॥	२०	१२	१३	८	१५	२०॥	२७	२१	१३	११॥	९॥	२५	२६	२०	२६	२७॥	२२	२०	२२॥	२४॥	२३	२४॥	१८	१८	१९॥	२४॥	३३	२८	१९	८॥	१७	१६
	पू.३	१७॥	२४॥	१९॥	२४	२१	३१	२४॥	१७	१८	१३	२०	१३॥	१९	२५	१७	१५॥	१७॥	१८॥	१९॥	२८	२१	२२॥	२८॥	१३	१५॥	३०॥	२९	३०॥	२४	२४	२५॥	२०	२८॥	१९	२८	१७॥	२२॥	२०
मीन	पू.१	१५॥	२२॥	१७॥	२०	२७	२७	२५॥	१८	१९	१८	२५	१८॥	१७॥	२३॥	१५॥	१६॥	१८॥	१९॥	१२॥	२१	१४	२१	२७	११॥	१५	३०	३१॥	३०	३०	२९॥	२८	२५॥	१७	७॥	१६॥	२८	३३	३०॥
	उ.	२५॥	१६॥	१९॥	२२	२६	१८	१६॥	२५॥	२७	२६	१९	२०	१८॥	१६॥	२६॥	२७॥	२६॥	९॥	२॥	१९॥	१२	१९	२०	२२	२४	२२	२३॥	३१	३१	२९॥	२८	१४॥	६	१६	२१॥	३३	२८	३४
	रे.	२६	२५॥	१२॥	१५	१८	२७	२५॥	२४॥	२६॥	२५॥	२७	१४	१४	२४॥	२४॥	२५॥	२६॥	२०॥	१३॥	११॥	५॥	१२॥	२७	२२	२६॥	२९	३०॥	२१	२१	२१॥	२०	२२॥	१४	१६	१८	२९॥	३४	२८

अथावकहडाचक्रसहितं वरवधूमेलापकचक्रम्

चर णागत नामाक्षर	चु.चे. चो.ला.	ली.लु. ले.लो	अ.इ. उ.ए.	ओ.वा. वि.वु.	वे.वो. क.कि.	कु.घ. ङ.छ.	के.को. ह.हि.	हु.हे. हो.डा.	डी.डु. डे.डो.	मा.मि. मु.मे.	मो.टा. टि.टु.	टे.टा. पा.पी.	पु.ष. ण.ठ.	पे.पो रा.री.
नक्षत्र	अश्विनी	भरणी	कृतिका	र	मृगशीरा	आर्द्रा	पुनर्वसु	तिष्य	अश्लेषा	मघा	पू.फा.	उ.फा.	हस्ता	चित्रा
राशि	मेष	मेष	मे.१ वृ.३	ोहिणी	वृ.२ मि.२	मिथुन	मि.३ क.१	कर्कट	कर्कट	सिंह	सिंह	सिं.१ क.३	कन्या	क.२ तु. २
स्वामी	मंगल	मंगल	मं.१ शु.३	वृष	शु.२ बु.२	बुध	बु.३ चं.१	चन्द्र	चन्द्र	सूर्य	सूर्य	सू.१ बु.३	बुध	बु. २ शु. २
वर्ण	क्षत्री	क्षत्री	क्षे.१ वै.३	शुक्र	वै.२ शु.२	शुद्र	श.३ ब्रा. १	ब्राह्मण	ब्राह्मण	क्षत्री	क्षत्री	क्ष. १ वै.३	वैश्य	वै. २ शु. २
वश्य	चतुष्पद	चतुष्पद	चतुष्पद	वैश्य	चं.२ द्वि.२	द्विपद	द्वि.३ ज.१	जलचर	जलचर	चतुष्पद	चतुष्पद	चं. १ द्वि. ३	द्विपद	द्विपद
योनी	अश्व	गज	अज	चतुष्पद	नाग	श्वान	मार्जार	अज	मार्जार	मुषक	मुषक	गौः	महिष	व्याघ्र
वैरयोनी	महिष	सिंह	वानर	नाग	न्याउरी	मृग	मुषक	वानर	मुषक	मार्जार	मार्जार	व्याघ्र	अश्व	गौः
गण	देव	नर	राक्षस	न्याउरी	देव	नर	देव	देव	राक्षस	राक्षस	नर	नर	देव	राक्षस
नाडी	आद्य	मध्य	अन्त्य	नर	मध्य	आद्य	आद्य	मध्य	अन्त्य	अन्त्य	मध्य	आद्य	आद्य	मध्य
आशन	अश्व	प्रेत	अग्नी	अन्त्य	मृग	नाग	कमल	कलश	काक	महिष	शिला	शिला	गज	मयूर

चर णागत नामाक्षर	रु.रे. र ो.ता	ती.तु. ते.तो.	ना.नी. नु.ने.	नो.या. यी.यू.	ये.यो. भा.भी.	भू.ध. फा.ढा.	भे.भो. जा.जी.	जु.जे. जो.ख.	खी.खु. खे.खो.	गा.गी. गु.गे.	गो.सा. सी.सु.	से.सो. दा.दी.	दु.थ. झ.ञ.	दे.दो. चा.ची.
नक्षत्र	स्वाती	विशाखा	अनु.	ज्येष्ठा	मूल	पू.षा.	उ.षा.	अभि.	श्रवण	धनिष्ठा	शतभिषा	पू.भा.	उ.भा.	रेवती
राशि	तुला	तु. ३ वृ.१	वृच्छिक	वृच्छिक	धनु	धनु	ध. १ म.३	मकर	मकर	म. २ कु. २	कुम्भ	कु. ३ मी. १	मीन	मीन
स्वामी	शुक्र	शु.३ मं. १	मङ्गल	मङ्गल	बृहस्पति	बृहस्पति	बृ.१ श.३	शनि	शनि	शनि	शनि	श.३ वृ.१	वृहस्पति	वृहस्पति
वर्ण	शुद्र	शु. २ ब्रा.१	ब्राह्मण	ब्राह्मण	क्षत्री	क्षत्री	क्षु. १ वै.३	वैश्य	वैश्य	वै.२ शु.२	शद्र	शु. ३ ब्रा. १	ब्राह्मण	ब्राह्मण
वश्य	द्विपद	द्वि. ३ की. १	किट	किट	द्विपद	भू.॥ द्वि भू. ३॥च	द्वि. १ च. ३	चतुष्पद	श्र.१॥च श्र.२॥द्वि	ज.२ द्वि.२	द्विपद	द्वि. ३ ज. १	जलचर	जलचर
योनी	महिष	व्याघ्र	मृग	मृग	श्वान	वानर	न्याउरी	न्याउरी अज	वानर	सिंह	अश्व	सिंह	गौः	गज
वैरयोनी	अश्व	गौः	श्वान	श्वान	मृग	अज	नाग	अज गज	अज	गज	महिष	गज	व्याघ्र	सिंह
गण	देव	राक्षस	देव	राक्षस	राक्षस	नर	नर	नर देव	देव	राक्षस	राक्षस	नर	नर	देव
नाडी	अन्त्य	अन्त्य	मध्य	आद्य	आद्य	मध्य	अन्त्य	अन्त्य	अन्त्य	मध्य	आद्य	आद्य	मध्य	अन्त्य
आशन	दोल	अज	हंस	कच्छप	मूल	शयन	शयन	शयन नर	नर	आढक	वृष	भद्रपीठ	भद्रपीठ	चक्र

गरुडादिवर्गा

जु जे जो ख अभिजित् (उत्तरषाढाको चौथो पाउ र श्रवणको १५ भागको १ भाग मिलेर बनेको हुन्छ।

अक्षर	अ इ उ ए ओ	क ख ग घ ङ	च छ ज झ ञ	ट ठ ड ढ ण	त थ द ध न
वर्ग	गरूडः(वैर-सर्पः)	मार्जारः (वैर-मुषकः)	सिंहः (वैर-मृगः)	श्वानः(वैर-मेषः)	सर्पः (वैर-गरूडः)
अक्षर	प फ ब भ म	य र ल व	श ष स ह	राशिको नाम र बोलाउने नाम मध्ये राशिको नामलाई प्राथमिकतामा राखेर हेर्नुपर्दछ।	
वर्ग	मुषकः(वैर-मार्जारः)	मृगः (वैर-सिंहः)	मेषः (वैर-श्वानः)		

ग्रहमैत्री चक्रम्

ग्रह	मित्र	शत्रु	सम	उँच नीच दशा	स्वगृह	मूल त्रिकोण	विप्र वर्णादी	पितश्वेतादी	धातु	प्रकृति	प्रश्न	लग्नस्थान दोष	राहू प्राक्फल	दिशा	ए.पा. दृष्टि	द्वि. दृष्टि	त्रि. दृष्टि	पूर्ण दृष्टि
सूर्य	च.म.वृ.	शु.श.रा.	बु.	मे.तु.१०	सिं.	सिंह	क्षेत्रीय	ताम्र	ताम्र	पित्त	१।४।८।१२	क्षेत्रपाल	५ दिन	पूर्व	३।१०	५।९	४।८	७
चन्द्र	सू.बु.	रा.	मं.वृ.शु.श.	वृ.वृच्छि.३	कर्क.	वृष	वैश्य	श्वेत	मणिक्य	वा.क.	१।६।८।१२	आकाशदेवी	३ घटी	वायव्य	३।१०	५।९	४।८	७
मंगल	सू.चं.वृ.	बु.रा.	शु.श.	म.कर्क. २८	मे.वृश्चि.	मेष	क्षत्रीय	रक्त	सुवर्ण	पित्त	४।८।१०।१२	शाकिन्या	८ दिन	दक्षिण	३।१०	५।९	०।०	४।७।८
बुध	सू.शु.रा.	चं.	मं.वृ.श.	क.मी.१५	मि. क.	कन्या	शुद्र	हरित	पित्तल	वा.पि.क.	१।४।८	भूतः	७ दिन	उत्तर	३।१०	५।९	४।८	७
शान्तिविधिः मूल शान्ति १२ औं दिन, शुभ दिन वा अष्टम वर्षको अन्त्यमा गर्नुपर्दछ । आफ्नो घरको पूर्व वा उत्तरपट्टि मण्डप बनाएर यज्ञविधि अनुसार नक्षत्रेशको सुवर्णमूर्ति कलश माथि राखेर पूजा गर्ने । इन्द्र र वरुणको पनि पूजा गर्ने । १००० छिद्र भएको सहस्रधार (चाल्नो) समेत कलश स्थापना गरी दुबै कलशको जलले अभिषेक गर्ने । मृत्युञ्जय मन्त्रको जप गर्ने र दुबै कलशको जलले स्नान पनि गराउने ।

ज्येष्ठा गण्डान्तको शान्ति पनि मूलगण्डान्त जस्तै गरी गर्नुपर्छ । तर यसमा प्रधान देवता इन्द्र, अधिदेव अग्नी र प्रत्यधिदेव राक्षस हुन्छ । खास गरी ज्येष्ठामा केटा-केटीको विवाहको समयमा विशेष रुपले शान्ति गर्नुपर्छ । लगातार ३ छोरा पछिको छोरी वा तीन छोरी पछिको छोरा जन्मेमा वितरयोग हुन्छ । वितरयोगले मातापिता र कूल समेतलाई अनिष्ट गर्दछ । शान्ति अनिवार्य गर्नुपर्दछ ।

जातक मूल नक्षत्र जन्मफलः पहिलो पाउले पिता हान्छ, दोस्रोमा मातालाई कष्ट पर्दछन्। तेस्रोमा द्रव्यको नाश, चौथोमा त बेसै हुन्छ। रेवतीको चौथो पाउ कष्टकारक हुने गर्छ, अश्लेषाको दोस्रो पाउ धनहानी गर्छ। तृतीय पाउले माता कष्ट हुन्छ। मघाको पहिलो पाउले माता, दोस्रो पाउले पितालाई कष्ट पर्दछन् भने अश्विनीको पहिलो पाउ पिता कष्ट हुन्छ। चित्राको पहिलो र दोस्रो पाउ माता कष्ट हुन्छ। तिष्यको दोस्रो र तेस्रो पाउले पितालाई कष्ट गर्दछ। पूर्वषाढा र उत्तरषाढाको पहिलो र तेस्रो पाउ भाइ अनि स्वयम् जातकलाई कष्ट दिने हुन्छ। अश्लेषा नक्षत्रमा जन्मेका वर कन्याले सासु, मूलमा जन्मे ससुरा ज्येष्ठामा जन्मे जेठाजु/जेठान, विशाखामा जन्मे देवर/सालालाई कष्ट दिने हुन्छन् तर ज्येष्ठाको हेर्दा भभोगलाई १० भाग लगाउनु पहिलो भाग माता, दोस्रो भाग मातामह, तेस्रो भाग मामा, चौथो भाग आमा, पाँचौ भाग आफै, छैठौं भाग गोत्रीय, सातौं भाग कुलनाश, आठौं भाग दाजु, नवौं भाग ससुरा र दशौं भाग सर्वनाश हुन्छ।

दाँत उम्रेको फल

महिना दिनभित्रै दाँत उम्रे त उही, बित्ला दो मा भाइ, तीनमा बहिनी। चारमा आमा, पाँचमा दाजु पिर्छ, महिना छैठौ देखि ता वेशै गर्छ। पहिले माथि उम्रने दाँतले त बा, उम्रि गर्भै भित्र जन्म हुँदी ता। आफै बाबा आदिमा कष्ट पर्दछन्, चाँडै गर्नु शान्ति ति दोष टर्दछन्।

नवर्ष २०८२ सालको पावन अवसरमा वैदिक सनातन धर्म रक्षाका लागि सम्पूर्ण ओमकार परिवारको एकता होस् देशमा शान्ति छाओस् भन्ने कामनाका साथ ज्योतिष तथा पण्डितगुरुहरुलगायत सम्पूर्ण नेपाली दाजुभाइ दिदीबहिनीहरुमा हार्दिक मंगलमय शुभकामना।

प. लालमणी उपाध्याय
सचिव

प. तिलकराम चालिसे
अध्यक्ष

ब्राह्मण समाज नेपाल

जिल्ला कार्यसमिति, सुर्खेत

गर्भिणी प्रश्न विचार

रविभौमगुरुस्पर्शे
पुत्र भवति निश्चितम्।
चन्द्रशुक्र बुधस्पर्शे
कन्या तत्र प्रजायते।
शनिस्पर्शे गर्भपातो
राहुस्पर्शे सुतासुतौ।
केतुस्पर्शे भवेत्क्लीबो
विचार्येत्थं वदेत्सुधी :।

गर्भ सम्बन्धिको प्रश्नमा माथिको श्लोक र गर्भप्रश्न चक्र अनुसार फल बताउनु पर्छ।

गर्भप्रश्न चक्र

बुध	शुक्र	चन्द्र
गुरु	सूर्य	मंगल
राहु	शनि	केतु

कलश चक्रम् रविभात

स्थान	न.	फल
मुखे	१	अग्निदाहः
पूर्व	५	जनवास शून्यः
दक्षिण	९	द्रव्य लाभः
पश्चिमा	१३	श्रीः प्राप्तिः
उत्तर	१७	कलहः
गर्भ	२१	विनाशः
गुद	२४	स्थैर्यशुभम्
कण्ठ	२७	स्थिरत्वम्

पुराण श्रवण चक्रम् गुरुभात

न.	फलम्
४	धर्मप्राप्तिः
८	श्रीप्राप्तिः
९	कथासिद्धिः
१४	परमसुखम्
२०	पीडा
२४	नृपभयम्
२७	ज्ञानप्राप्ति

कूप चक्रम् रोहिणी

स्थान	स्था	फलम्
पृष्ठ	४	शुभजलम्
नाभी	४	बुद्धिनाशः
हृदय	४	स्थिरता
मध्य	४	कलह
नेत्र	४	धनप्राप्ति
पाद	४	अनर्थ

चुल्लीचक्रम् रविभात

स्था	फलम्
१०	लाभः
१५	दरिद्रत्वः
२०	भ्रमणम्
२५	मरणम्
२७	भूम्याप्तिः

श्रावण बाहेकका महिना अश्वि. रो. आर्द्रा ति. ३ पूर्व उत्तरा नक्षत्रमा चुल्ली चक्र समेत जुराई चुलो बनाउँदा शुभ हुन्छ।

द्वारचक्रम् रविभात्

स्था	फलम्
४	लक्ष्मीप्राप्तिः
१२	जनवास शून्य
२०	सौख्यं भवेत्
२३	गृहनाशः
२७	सौख्यमं स्यात्

फणिचक्रम् राहुभात्

८	असत्
११	सत्
१२	असत्
१५	सत्
१६	असत्
१९	सत्
२०	असत्
२३	सत्
२७	असत्

चन्द्रमा वर्ण फल

राशी	वर्ण	फल
१,५,८	राता	झगडा हुने
२,४,७	सेता	धन प्राप्त
३,९,१२	पहेला	सुख
६,१०,११	काला	मृत्युदायक

नाडी दोष परिहार

वर-कन्याको एकै राशि भएमा जन्म नक्षत्र फरक फरक भएमा र नक्षत्र दुबैको एकै भएपनि राशि भिन्नै भएमा नाडी दोष र गणको रोग लाग्दैन। फेरी दुबैको नक्षत्र एकै भयो तर चरण भेद भयो भने मात्र विवाह शुभ हुन्छ। ज्योतिःसारशिरोमणी पेज १८४

नववर्ष २०८२ को सुखद उपलक्ष्यमा सम्पूर्ण नेपाली दाजुभाइ दिदीबहिनीहरुलगायत ज्योतिष, पण्डित गुरुजनहरुमा सुख, शान्ति, समृद्धिको हार्दिक मंगलमय शुभकामना।

नेपाल ज्योतिष परिषद्

जिल्ला कार्यसमिति परिवार सुर्खेत

चन्द्रमाको दिशा चक्र

पूर्व	मेष	सिंह	धनु
पश्चिम	मिथुन	तुला	कुम्भ
उत्तर	कर्कट	वृश्चिक	मीन
दक्षिण	वृष	कन्या	मकर

रूद्रि जुर्ने तिथिहरु

रूद्रि गर्न अवश्य जुर्छ शिववास हेरून् नहेरून् कुनै जुर्दैनन् यी तिथि विना अरू तिथि गर्नु कि ता दिन्दिनै

शुक्ल	२	५	६	७	९	१२	१३	१४	शुक्ल
कृष्ण	१	४	५	६	८	११	१२	१३	कृष्ण

आशौच सम्बन्धी विचार

समाजमा नैतिकता, सदाचार र मर्यादाका लागि हाम्रा आर्यग्रन्थहरूमा विभिन्न विषयहरू प्रतिपादित गरिएका छन्। यसै विषयलाई धर्म पनि भन्न सकिन्छ। मूलतः वेद निहित कर्म नै धर्म हो। धर्मशास्त्रले नित्य नैमित्तिक र काम्य गरी तीन प्रकारका कर्मको निर्देश गरेका छन्। यिनमा आशौच निर्णय पनि एक प्रमुख विषय हो। हाम्रो समाजमा मुख्यत दुई किसिमका आशौचको विधान मध्ये जन्माशौच (सूतक) तथा मरणाशौच (जुठो) हो। मरणाशौच (जुठो) को विषयमा अत्यन्तै सूक्ष्म चिन्तन विविध धर्मशास्त्रहरूमा उल्लेख गरेका निर्णयहरुलाई सारसंक्षेपमा हामीले यहाँ समावेश गरेका छौ। मूल पुरुषदेखि प्रारम्भ ७ पुस्तासम्मका भाइबन्धुहरूलाई सपिण्डी भनिन्छ। सपिण्डीको जुठो १० दिन लाग्दछ। ८ पुस्तादेखि १४ पुस्तासम्मका भाइबन्धुहरूलाई सोदक भनिन्छ। सोदकहरूको जुठो ३ दिन लाग्दछ। १५ देखि २१ पुस्तासम्मका भाइबन्धुहरूलाई सगोत्र भनिन्छ सगोत्रहरूको जुठो १ दिन लाग्दछ। यहाँ १ दिन भन्नाले अहोरात्र (दिन-रात) भनेर सम्झनु पर्दछ। पहिलेदेखि चल्दै गरेको आशौच (जुठो) नसकिदै अर्को त्यही समानको वा पहिलो भन्दा सानाको जुठो थपियो भने पहिलेकोले नै सकिन्छ। तर त्यो भन्दा नजिकको वा ठुलो आशौच (जुठो) पर्‍यो भने पुरा बार्नु पर्दछ। जन्माशौच (सुतक) नसकिदै मरणाशौच (जुठो) पयो भने १० दिन बार्नु पर्दछ। दशौं दिनको मध्यरात्रिसम्म अर्को मरणाशौच (जुठो) पर्‍यो भने २ दिन बढी बार्नु पर्दछ तर सानो र ठुलोको विचार गरेर मात्रै। कहीं कतै भने अलग अलग बार्नु पर्दछ भन्ने पनि गरिन्छ।

यसैगरी एघारौं दिनको सूर्योदयपछि मरणाशौच (जुठो) पर्‍यो भने पुरै दिन अनिवार्य रुपमा बार्नु पर्दछ। आमा-बाबु वा पति-पत्नीको सन्दर्भमा अघिल्लो जुठोले पछिल्लो मरणाशौच लैजान्छ भन्ने नियम लागु हुँदैन। पूरा अलग अलग रुपमा बार्नु पर्दछ। कतिपय जुठो सम्बन्धको बारेमा आ-आफ्नो कुलानुसार पनि विचार गर्नु पर्दछ। आफ्नो आमा-बाबुको जुठो १ वर्षसम्म निष्ठापूर्वक बार्नु पर्दछ। सौतेनी आमाको ६ महिना, सहोदर दाजुभाइमा परस्पर ४५ दिन जुठो बार्नु पर्दछ। जसको जतिदिन मरणाशौच (जुठो) लाग्ने हो त्यति दिन वितेपछि सुनिएको आशौचलाई अतिक्रान्ता भनिन्छ। यस्तो प्रकारको जुठोमा आमा-बाबु वा पति-पत्नी बाहेक अरुलाई स्नानमात्रले शुद्ध हुन्छ।

कर्म चलेको सुपुत्रको मरणाशौच आमा-बाबुलाई अन्य सपिण्डी भाइबन्धु सरह १० दिन बार्नु पर्दछ। आशौचमा क्रमशः सूतक, जुठो, रजस्वला, सुतिका (सुत्केरी), शवदाहक (क्रियापुत्री) को उत्तरोतर प्रवलता हुन्छ। १० दिने जुठो १० दिन भित्र सुनेमा बाँकी दिन बार्ने, १० दिन बिते पछि ३ महिना भित्र सुनेमा ३ दिन बार्ने ६ महिना भित्र सुनेमा १.५ (डेढ) दिन बार्ने, त्यस पछि ९ महिनासम्ममा १ दिन र त्यसपछि स्नानमात्रले शुद्ध हुन्छ। विदेशमा रहेको अवस्थामा आमा-बाबु वा पति-पत्नीमा १० दिन भित्र सुनेमा मृत्यु भएको दिनदेखि गणना गरेर १० दिनसम्म बार्ने तर १० दिन बितेपछि सुनेकै दिनदेखि गनेर १० दिनसम्म पुरा बार्नु पर्दछ।

विदेशमा गएर मरेको भए पति-पत्नी बीचमा परस्पर १० दिनसम्म जुठो बार्नु पर्दछ। दोस्री (सौतेनी) आमाको अतिक्रान्त जुठो ३ दिन लाग्छ। व्रतबन्ध गरेको पुत्रको वर्ष दिन भित्रमा पुरा र वर्ष दिनपछि सुनेमा ३ दिन जुठो लाग्दछ। सगोत्री/असगोत्री जसले पनि कारणवस दागबत्ती दिएमा उसको नवश्राद्ध गरेर १० दिनमा चोखिन्छ। रात्रिमा जन्म, मृत्यु, रजस्वला आदि भए (रात्रि मान) लाई ३ ले भागगर्दाको पहिलो दुईभाग भित्र परेमा अघिल्लो दिन र अन्तिम १ भागमा परेमा भोलिपल्टको दिनको हिसाबले गणना गर्नु पर्दछ। तर कही कतै भने सूर्योदयको अनुसार गर्ने बचन पनि छ। बालक जन्मेका सन्दर्भमा नालच्छेदन पछि सूतक शुरु हुन्छ। आमालाई ३० रात बितेपछि पितृ वा देवकार्य र भान्छा चलाउन शुद्ध हुन्छ। नाल काटेपछि वा मरेकै बच्चा जन्मेमा सपिण्डीहरूले सुतक १० दिन बार्नु पर्दछ तर जुठो लाग्दैन। नामाकरण भन्दा पहिले बच्चाको मृत्यु भएमा स्नान मात्र तर नामाकरण पछि दांत नउम्रञ्जेल मरेर जलाएमा १ दिन जुठो बार्ने तर न जलाएमा स्नान मात्र गर्ने, दाँत उम्रेपछि ३ वर्षभित्र चूडा क्षौर नगरुञ्जेल १ दिन, चूडा भैसकेको भए वा ३ वर्षपछि व्रतबन्ध अगाडिको अवस्थामा पनि ३ दिन र व्रतबन्ध पछि पुरा जुठो बार्नु पर्दछ। चूडागर्नु पूर्व कन्याको मृत्यु भएमा सपिण्डिहरू स्नानले शुद्ध हुन्छन्। ३ वर्षपछि बाग्दान पूर्व १ दिन तथा बाग्दान पछि विवाह अगाडिको मृत्युमा पति तथा पिताका दुवैको कुलमा ७ पुस्तासम्मका दाजुभाइलाई ३ दिन जुठो लाग्दछ।

विवाह गरेकी विवाहिताको जुठो पिताको कूलमा ७ पुस्तासम्मका लागि ३ दिन लाग्दछ। विवाहिता छोरी बाबुको घरमा सुत्केरी भएमा दाजुभाइ, बान्धव तथा आमा-बाबुलाई १ दिन सूतक लाग्छ ८ गायत्री सुनाएको वा पढाएको गुरु, छोरीको छोरा-छोरी, आफ्नो छोरी ज्वाइको, आमाका आमा-बाबु, पत्नीको आमा बाबु, आफ्नो वा पति पत्नीको मामा-माइजु तथा ठुली वा सानीआमाको जुठो ३ दिन लाग्दछ। विवाहिता छोरीलाई आफ्ना आमा-बाबु वा दाजुभाइको जुठो ३ दिन लाग्छ भने अविवाहित छोरीले भने पुरा १० दिन जुठो बार्नु पर्दछ। विवाहिता दिदिबहिनी वा दाजुभाइमा परस्परमा जुठो ३ दिन लाग्दछ।

आफुले पढाएको वा मन्त्रदान गरेको शिष्य, यजमान, पुरोहित, जेठान, जेठीसासु, साला, साली, भिनाजु, ज्वाइ, ठुली वा सानी आमाका छोरा-छोरी र आफ्नै घरका सहयोगीहरूको जुठो १ दिन लाग्दछ। *क्रमशः*

भाउजु-बुहारी तथा नन्द-आमाजुको परस्परमा जुठो १ दिन लाग्दछ। मामाको अथवा फुपुको छोरा-छोरी, कर्म नचलेको भाञ्जा-भाञ्जी, कर्म नचलेको छोरीको छोरा-छोरी, मित र सहपाठीको जुठो डेढ़ दिन (३६ घण्टा) लाग्दछ। धर्मपुत्र वा धर्मपुत्रीको हकमा पालकमाता-पिता वा जनकपिता दुवैतर्फ ३ दिन जुठो लाग्दछ। एउटै आमाका तर पृथक पिताबाट जन्मेका दिदिबहिनी वा दाजुभाइको परस्परमा सूतक १ दिन र जुठो ३ दिन लाग्छ। गुरुको पति-पत्नी / छोरा-छोरीको जुठो १ दिन लाग्छ। एउटै टोल वा गाँउमा कसैको मृत्यु भएमा कुनै सम्बन्ध नभए पनि जबसम्म लास बाहिर लगिदैन तब सम्म जुठो रहने हुनाले देवकार्य-पितृकार्य गर्नु हुदैन भन्ने पनि शास्त्रमा उल्लेख छ। दशाह बन्धुहरूमा आफु जिवितै आफ्नो श्राद्ध आफैले गरिसकेको व्यक्ति, वानप्रस्थी, सन्यासी र ब्रम्हचारीसमेतले अरुको जुठोबार्नु पर्दैन। तर उनीहरूको जुठो सपिण्ड भित्रका भाइबन्धुले बार्नु वा नबार्नु आफ्नो खुशी तर छोरा-छोरीले भने गर्नु पर्ने सम्पूर्ण कृत्य गर्नु पर्दछ। त्यस्ता व्यक्तिहरूको मृत शरीरलाई जलाउने वा गाडने जे गर्दा पनि हुन्छ।

आत्महत्या गर्नेहरूको मरणाशौच (जुठो) लाग्दैन भन्ने भनाइ शास्त्रहरूमा उल्लेख छ। पहिलो पतिलाई छोडेर दोस्रो पतिबाट जन्मेका सन्तानको आशौच लाग्दैन। देशमा संकट परेको अवस्थामा, अनिकाल परेको बेलामा, आशौच नबारे पनि हुन्छ। रोगी, वैद्य, कालिगढ, चित्रकार, शिल्पकार, अत्यावश्यक सेवामा रहेका राजकीय कर्मचारी आदिले आवश्यकता अनुसार आशौच नवार्दा पनि केही हुदैन। व्रत-सत्र, विवाह, श्राद्ध, होम, अर्जन, जप प्रारम्भ भइ सकेको अवस्थामा आशौच लाग्दैन। यज्ञादिमा ब्राम्हणको वरण भएपछि, व्रत-सत्रमा सङ्कल्प गरेपछि विवाहादिमा नान्दीमुख श्राद्ध गरेपछि, पाककर्म (पाकि सके) पछि आशौच लाग्दैन। विवाह, व्रतबन्ध, उत्सव, यज्ञादिको बीचमा आशौच परेमा अन्य शुद्ध (आशौच नलाग्ने) व्यक्तिले ब्राम्हणलाई भोजन गराउने, सङ्कल्प गरिसकेकोले अभय दोष छैन।

सर्वकार्यसिद्धि होरा मुहूर्त

सूर्यादी ७ ग्रहका ७ होरा हुन्छन्। ७ होराले दिन रात्री २४ घण्टामा निरन्तर घुमेर शुभाऽशुभ फल दिने गर्दछन्। कतिपय कामहरु साइत हेर्नै नभ्याइने अवस्थामा अपर्झट आइपर्न पनि सक्छन्। त्यस्तो अवस्थामा हुने तथा गरिने कार्यहरुको सफलताका लागि होरा मुहूर्त विचारणीय छ। तलको तालिका २४ होरा दिइएको छ। जसमा रवि होरा राजसेवाका लागि शुक्र होरा प्रवाकिा लागि, बुधको होरा अध्ययनका लागि, शनिको होरा द्रव्य सञ्चयका लागि, गुरुको होरा विवाहका लागि, मंगलको होरा युद्धकार्यका लागि र चन्द्र होरा सर्वकार्यसिद्धिका लागि विचारणीय छन्।

होरा हेर्दाः जसन दिन जुन वार पर्छ त्यसै वारदेखि दिनको २४ होरा सुरु हुन्छ। होरा मुहूर्तको सुरु सूर्योदयबाट हुने गर्दछ। त्यसैले आइतवारको दिन सूर्योदयदेखि १ घण्टा रविको त्यसपछिको १ घण्टा शुक्रको त्यसपछिको १ घण्टा बुधको एवं प्रकारले अन्य दिन र समयको पनि विचार गर्नुपर्ने हुन्छ।

वार	हो.१	हो.२	हो.३	हो.४	हो.५	हो.६	हो.७	हो.९	हो.१०	हो.११	हो.१२	हो.१३	हो.१४	हो.१५	हो.१६	हो.१७	हो.१८	हो.१९	हो.२०	हो.१२	हो.२२	हो.२३	हो.२४
रवि	रवि	शुक्र	बुध	सोम	शनि	विही	मंगल	शुक्र	बुध	सोम	शनि	विही	मंगल	रवि	शुक्र	बुध	सोम	शनि	विही	मंगल	रवि	शुक्र	बुध
सोम	सोम	शनि	विही	मंगल	रवि	शुक्र	बुध	शनि	विही	मंगल	रवि	शुक्र	बुध	सोम	शनि	विही	मंगल	रवि	शुक्र	बुध	सोम	शनि	विही
मंगल	मंगल	रवि	शुक्र	बुध	सोम	शनि	विही	रवि	शुक्र	बुध	सोम	शनि	विही	मंगल	रवि	शुक्र	बुध	सोम	शनि	विही	मंगल	रवि	शुक्र
बुध	बुध	सोम	शनि	विही	मंगल	रवि	शुक्र	सोम	शनि	विही	मंगल	रवि	शुक्र	बुध	सोम	शनि	विही	मंगल	रवि	शुक्र	बुध	सोम	शनि
विही	विही	मंगल	रवि	शुक्र	बुध	सोम	शनि	मंगल	रवि	शुक्र	बुध	सोम	शनि	विही	मंगल	रवि	शुक्र	बुध	सोम	शनि	विही	मंगल	रवि
शुक्र	शुक्र	बुध	सोम	शनि	विही	मंगल	रवि	बुध	सोम	शनि	विही	मंगल	रवि	शुक्र	बुध	सोम	शनि	विही	मंगल	रवि	शुक्र	बुध	सोम
शनि	शनि	विही	मंगल	रवि	शुक्र	बुध	सोम	विही	मंगल	रवि	शुक्र	बुध	सोम	शनि	विही	मंगल	रवि	शुक्र	बुध	सोम	शनि	विही	मंगल

नववर्ष २०८२ को पावन अवसरमा स्वदेश तथा परदेशमा रहनुहुने सम्पूर्ण नेपाली दाजुभाइ दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धिका साथै उत्तरोत्तर प्रगतिका लागि हार्दिक मंगलमय शुभकामना।

आचार्य लक्ष्मण पन्थी
सभापति



डा. सहदेव विष्ट
अध्यक्ष

दक्षिण एशियाली ज्योतिष महासंघ
केन्द्रीय तथा अन्तर्राष्ट्रिय समिति काठमाडौ, नेपाल

अथ वटसावित्रीव्रतम् :-

अमायां च तथा ज्येष्ठे बटमूले तथा सती। त्रिरात्रोपोषिता नारी विधिनाऽनेन पूजयेत्। (भ.पु.) व्रतविधि : गृहीत्वा वालुकां पात्रे प्रस्थमात्रां युधिष्ठिर। ततोवंशमये पात्रे वस्त्रयुग्मेन वेष्टिते ॥ सावित्री प्रतिमां कुर्यात् सौवर्णी वाऽपि मृन्मयीम्। सार्धं सत्यवता साध्वीं फलनैवेद्यदीपकै। रजन्या कण्ठसूत्रैश्च शुभैः कुसुमकेशरैः ॥ सावित्र्याख्यानकं वाऽपि वाचयीत द्विजोत्तमैः ॥ रात्रौ जागरणं कृत्वा प्रभाते विमले ततः ॥ तामपि ब्रम्हणे दत्वा प्रणिपत्य क्षमापयेत्।। दानमन्त्र : सावित्रीय मया दत्ता सहिरण्या महासती। ब्रम्हणः प्रीणनार्थायं ब्राम्हण। प्रतीगृह्यताम्।

राशि अनुसार दीक्षामन्त्र (महिला पुरुष दुबैले सुन्ने मन्त्र)		
राशि	मन्त्र	इष्टदेवता
मेष	ॐ लक्ष्मीनारायणाय नमः	श्री लक्ष्मीनारायण
वृष	ॐ ह्रीं विश्वरुपाय नमः	श्री विराटस्वरुप
मिथुन	ॐ ह्रीं क्रीं केशवाय नमः	श्रीशङ्खचक्रधारी विष्णु
कर्कट	ॐ ह्रीं सन्याय रिण्यरुपाय नमः	ब्रह्मा, विष्णु, महेश
सिंह	ॐ बालमुकुन्दाय नमः	दही खान लागेका कृष्ण
कन्या	ॐ ह्रीं परमात्मने नमः	श्री पिताम्बरधारी विष्णु
तुला	ॐ श्री रामचन्द्राय नमः	मर्यादा पुरुषोत्तम श्रीराम
वृश्चिक	ॐ क्रीं जानकीरामाय नमः	गजेन्द्र उद्वारक श्रीहरि
धनु	ॐ क्रीं भगवते नमः	शेषशायी श्री विष्णु
मकर	ॐ श्रीवत्साय उपेन्द्राय नमः	बटुवामन श्री त्रिविक्रम
कुम्भ	ॐ श्री गोपालगोन्दिाय नमः	गाईसहित श्रीवेणुगोपाल
मीन	श्रीं ह्रीं श्री क्रीं रथाङ्गचक्राय नमः	ओखलमा बाँधेका कृष्ण

कश्यप पञ्चाङ्ग प्रयोग गर्दा (।) चिन्ह बिचमा भएमा घटिपला र (:) चिन्ह बिचमा भएमा बजेदेखि (घण्टामिनेट) मा संकेत गरिएको छ। कतै टाइप मिस्टेक वा छपाईमा त्रुटि भएको फेला परेमा वा कुनै द्विविधा भएमा हामीलाई खबर गरि सहयोग गरिदिनुहोला। पाठक तथा प्रयोगकर्ताहरुको सुझाव र सल्लाह अनुसार नै हामी पञ्चाङ्गलाई सरल बनाउँदै जानेछौ। पञ्चाङ्गकार ९८४८०५०१५३

पञ्चकदाह र शान्ति विधि

यदि कोही मानिसको मृत्यु पञ्चक पूर्व भएपनि दाहसंस्कार पञ्चकमा भएमा पुतलाको विधि गर्नुपर्दछ तर शान्ति नगर्दा पनि हुन्छ। मृत्यु पञ्चम भएमा शान्ति विधि गर्नु तर पुतला विधि गर्नुपर्दैन तर मृत्यु र दाहसंस्कार दुबै पञ्चममा भएमा पुतला र शान्ति दुबै विधि गर्नुपर्दछ। धनिष्ठा नक्षत्रको आधादेखि रेवतीको अन्त्यसम्ममा पञ्चक हुने गर्दछ। साथै त्रिपुष्कर र रेवती नक्षत्रमा पनि यस्तो दोष हुनेगर्दछ। यस्तो अनिष्टबाट बच्नका लागि कुशका पाँचवटा पुतला बनाएर अणुसुत्रले बेरेर जौ को पिठोले लेपन गरी ति पुतलालाई शवसँगै दाह गर्नुपर्दछ। प्रेतवाह, प्रेतसखा, प्रेतप, प्रेतभूमिप र प्रेतहर्ता यी पाँच नाम हुन्।

दाहको सङ्कल्प विधिः 'अद्येह अमुकनामा अमुक गोत्रस्य वा गोत्राया प्रेतस्य वा प्रेताया धनिष्ठादि पञ्चक जनित वंशानिष्टपरिहारार्थ पञ्चक विधि करिष्य' सङ्कल्पले सबै पुतलाहरुको पूजा गर्नु, प्रेतवाहलाई शवको शिरमा, प्रेतसखालाई आँखामा, प्रेतपलाई बायाँ कोखमा प्रेतभूमिपलाई नाभीमा र प्रेतहर्तालाई खुट्टामा राखेर नामअनुसार घ्यूको आहुति दिनुपर्दछ। शान्ति विधिका लागि एघारौ वा बाह्रौ दिनमा यमराजलगायत मृत्युञ्जयको विधिपूर्वक पुनज तथा हवन गर्नुपर्दछ।

-निर्णय सिन्धु तथा धर्मसिन्धु।

कश्यप पञ्चाङ्ग परिवार आभारी छ
प. तिलक प्रसाद रिजाल - सुर्खेत
ज्यो. पं. शोभाखर अधिकारी - सुर्खेत
ज्यो. प. हरिशंकर उपाध्याय - सुर्खेत
ज्यो. प. रामशंकर उपाध्याय - सुर्खेत
ज्यो.प. आनन्दशरण खनाल - सुर्खेत
ज्यो. विष्णुभक्त जैसी पाण्डे - सुर्खेत
प. टेकराज अधिकारी उपाध्याय-सुर्खेत
मान बहादुर खड्का-मुना डिजाइन-सुर्खेत
ज्यो. प. विष्णुप्रसाद अधिकारी - दैलेख
ज्यो. शान्तप्रसाद शर्मा - जाजरकोट
ज्यो.प. विष्णुप्रसाद अधिकारी - जुम्ला
ज्यो. प. पूर्णप्रसाद अधिकारी बाँके, कोहलपुर
प. माधवप्रसाद रिजाल सम्झनाचोक बाँके
ज्यो. कलम सुनार (धामीबाबा) - बाँके
ज्यो. ठाकुर देवकोटा - दाङ
ज्यो.प. बाबुराम तिमिल्सेना - पोखरा
ज्यो. प. हिरामणी पौडेल - पोखरा
ज्यो. पं. रेशम ढकाल - पोखरा
ज्यो. प. हरिश्चन्द्र भण्डारी - पोखरा
ज्यो.प. ज्ञानप्रसाद भण्डारी - स्याङ्जा
ज्यो.प. सूर्य पौडेल - पर्वत
ज्यो. प. माधव रिमाल - झापा
प. ऋषिभक्त सापकोटा - बरबोटे, इलाम
ज्यो. प. राज भट्राई- इनरुवा सुनसरी
ज्यो. नानी विबु अधिकारी - चितवन
ज्यो.प. सन्तोष भट्ट - डडेल्धुरा
खिलहरि घिमिरे - रामेछाप

सर्वार्थ सिद्धि योग (बजेमा)

वैशाख

३ गते	१०:५५ देखि २७:३८ सम्म
७ गते	७:५६ देखि
८ गते	८:२३ देखि
१६ गते	२२:०० देखि
१७ गते	अहोरात्र
१९ गते	१८:३३ देखि
२७ गते	२७:२५ पछि

ज्येष्ठ

४ गते	१६:६ सम्म
११ गते	९:२५ सम्म
१४ गते	२७:२६ सम्म
१५ गते	२६:३० पछि
१६ गते	१४:२० सम्म र २५:४३ देखि २५:५५सम्म
१४ गते	१०:३७ पछि
२६ गते	१५:४९ पछि

आषाढ

६ गते	२८:६ पछि
९ गते	१४:१७ देखि २०:४५सम्म
१२ गते	१०:२८ पछि
१३ गते	९:२८ सम्म
२१ गते	२०:२४ सम्म
२३ गते	२५:२८ सम्म
२८ गते	७:२९ पछि

श्रावण

५ गते	अहोरात्र
२३ गते	२५:४० पछि
२४ गते	१५:३२ सम्म

भाद्र

२ गते	७:५ सम्म र १७:५८ देखि २६७:३७ सम्म
५ गते	१२:४६ सम्म र २४:१३ देखि २५:११ सम्म
८ गते	२६:३७ पछि

आश्विन

१० गते	२०:३५ पछि
१२ गते	२५:३२ पछि
२५ गते	२१:१८ सम्म

कार्तिक

२ गते	१८:५५ सम्म
६ गते	२७:४६ पछि
७ गते	अहोरात्र
९ गते	८:४८ पछि
२४ गते	२५:३२ पछि

मार्गशीर्ष

७ गते	१८:१५ पछि
१७ गते	१६:५६ पछि
२३ गते	८:४४ पछि

पौष

२ गते	१८:७ देखि २६:३६ सम्म
३ गते	१५:४२ देखि २०:४५ सम्म
६ गते	२७:२९ पछि
७ गते	२८:५८ पछि
१५ गते	२५:२२ पछि
१६ गते	अहोरात्र
२० गते	१७:३३ पछि
२१ गते	१६:४० सम्म
२२ गते	११:३३ देखि १६:९ सम्म
३० गते	२७:५६ सम्म

माघ

५ गते	१२:२७ पछि
१६ गते	२६:५१ पछि
१८ गते	१६:५१ देखि २४:३८ सम्म
२८ गते	११:७ सम्म

फाल्गुण

३ गते	१६:५२ सम्म
४ गते	२१:८ सम्म
८ गते	२१:११ देखि २६:४५ सम्म
१२ गते	७:३४ सम्म
१३ गते	अहोरात्र
१५ गते	१०:५७ देखि ११:२७ सम्म र २२:२५ पछि
२५ गते	१५:४३ देखि २२:२६ सम्म
३० गते	२७:२१ पछि

चैत्र

६ गते	२८:१३ सम्म
९ गते	२३:५७ पछि
११ गते	१६:५९ सम्म
१२ गते	१९:४ पछि
१३ गते	१७:४३ सम्म
२३ गते	२५:२८ सम्म

यी योगहरुमा गरेका काम सफल हुन्छन् भन्ने शास्त्रीय मान्यता रहेको छ ।

योगिनी वासका तिथि

परेवा नवमी पूर्व, दुज दशी उत्तर तीज एकादशी आग्नेय, चौथी द्वादशी नैऋत्य, पञ्चमी त्रयोदशी दक्षिण, षष्ठी चतुर्दशी पश्चिम, सप्तमी पुन्ही वायव्य, औसी अष्टमी इशान्य, यात्रामा योगिनी सन्मुख नपार्नु, दायाँ अशुभ जाँदै नजाउ, योगिनी पीठ, बायाँ बनाउ ।

वार, नक्षत्र, शूलसहित योगिनी तालिका

बुध, शुक्र ईशान ८।३०	सोम, शनि पूर्व १ (ज्येष्ठा) ९	सोम, विही आग्नेय ३।११
मंगल, बुध उत्तर २ (उ.फा.) १०	ॐ	वृहस्पति दक्षिण ५(ध.श.पू.उ.रे)१३
मंगल वायव्य ७।१५	आइत, शुक्र पश्चिम ६(रोहिणी)१४	आइत, शुक्र नैऋत्य ४।१२

चौबीस गायत्री मन्त्रहरु

१. गणेश गायत्रीः ॐ एक दंष्ट्राय विद्महे, वक्रतुण्डाय धीमहि । तनो बुद्धिः प्रचोदयात् ।
२. नृसिंह गायत्रीः ॐ उग्रनृसिंहाय विद्महे, वज्र नखाय धीमहि । तन्नो नृसिंह प्रचोदयात् ।
३. विष्णु गायत्रीः ॐ नारायण विद्महे, महादेवाह धीमहि तन्नो विष्णुः प्रचोदयात् ।
४. शिव गायत्रीः ॐ पञ्चवक्त्राय विद्महे, वासुदेवाय धीमहि । तन्नो रुद्रः प्रचोदयात् ।
५. कृष्ण गायत्रीः ॐ देवकी नन्दनाय विद्महे, वासुदेवाय धीमहि । तन्नो कृष्णः प्रचोदयात् ।
६. राधा गायत्रीः ॐ वृषभानुजायै विद्महे, कृष्ण प्रियायै धीमहि । तन्नो राधा प्रचोदयात् ।
७. लक्ष्मी गायत्रीः ॐ महालक्ष्म्यै विद्महे, विष्णु प्रियायै धीमहि । तन्नो लक्ष्मी प्रचोदयात् ।
८. अग्नि गायत्रीः ॐ भूर्भुव स्वः । वैश्वानराय विद्महे । सप्तजिव्हाय धीमहि । तन्नोऽग्नि प्रचोदयात् ।
९. इन्द्र गायत्रीः ॐ सहस्रनेत्राय विद्महे, वज्र हस्ताय धीमहि तन्नो इन्द्रः प्रचोदयात् ।
१०. सरस्वती गायत्रीः ॐ सरस्वत्यै विद्महे, ब्रह्मपुत्र्यै धीमहि । तन्नो देवी प्रचोदयात् ।
११. दुर्गा गायत्रीः ॐ गिरिजायै विद्महे, शिव प्रियायै धीमहि । तन्त्रो दुर्गा प्रचोदयात् ।
१२. हनुमान गायत्रीः ॐ अञ्जनी सुताय विद्महे वायु पुत्राय धीमहि । तन्नो मारुतिः प्रचोदयात् ।
१३. पृथ्वी गायत्रीः ॐ पृथ्वी देव्यै विद्महे सहस्र मूर्त्यै धीमहि । तन्त्रो पृथ्वी प्रचोदयात् ।
१४ सूर्य गायत्रीः ॐ भास्करायविद्महे दिवाकराय धीमहि । तन्नो सूर्योः प्रचोदयात् ।
१५. राम गायत्रीः ॐ दाशरथये विद्महे सीता बल्लभाय धीमहि । तन्नो रामः प्रचोदयात् ।
१६. सीता गायत्रीः ॐ जनकनदिन्यै विद्महे, भूमिजाये धीमहि । तन्नो सीता प्रचोदयात् ।
१७. चन्द्र गायत्रीः ॐ क्षीर पुत्राय विद्महे अमृत तत्वाय धीमहि । तन्नो चन्द्रः प्रचोदयात् ।
१८. यम गायत्रीः ॐ सूर्य पुत्राय विद्महे महाकालाय धीमहि तन्नो यमः प्रचोदयात् ।
१९. ब्रह्मा गायत्रीः ॐ चतुर्मुखाय विद्महे हंसारूखाय धीमहि । तन्नी ब्रह्मां प्रचोदयात् ।
२०. वरुण गायत्रीः ॐ जल बिम्बाय विद्महे नील पुरुषाय धीमहि । तन्नो वरुणः प्रचोदयात् ।
२१. नारायण गायत्रीः ॐ नारायणाय विद्महे वासुदेवाय धीमहि । तन्नो नारायणः प्रचोदयात् ।
२२. हयग्रीव गायत्रीः ॐ वाणीश्वराय विलहे हयग्रीवाय धीमहि तन्नो हयग्रीवः प्रचोदयात् ।
२३. हंस गायत्रीः ॐ परमहंसाय विद्महे महाहंसाय धीमहि । तन्नो हंसः प्रचोदयात् ।
२४. तुलसी गायत्रीः ॐ श्री तुलस्यै विद्महे विष्णु प्रियायै धीमहि । तन्नो वृन्दाः प्रचोदयात् ।

प्रतिज्ञासङ्कल्प

हरिः ॐ तत्सत् तत्सत् तत्सत् विष्णुः विष्णुः विष्णुः स्वस्ति श्रीमद्भागवतो महापुरुषस्य विष्णोराज्ञया प्रवर्तमानस्य सकलजगत् सृष्टिकारिणो ब्रह्मणो द्वितीयपरार्ध्दे श्रीश्वेतवाराहकल्पे वैवस्वत मन्वन्तरे अष्टाविंशतितमे कलियुगे कलियुगस्य प्रथमचरणे जम्बुद्विपे भारतवर्षे भरतखण्डे आर्यावर्तैकदेशान्तर्गत हिमवत्पर्वतैकदेशे नेपालदेशे (विष्णुप्रजापति क्षेत्रे, पाशुपत्क्षेत्रे, ज्वालाक्षेत्रे, वराहक्षेत्रे ....आदि) क्षेत्रे नेपाल राज्यान्तर्गते .... (पश्चिम, उत्तर, दक्षिण पूर्व) दिग्भागे ....प्रदेशे (कर्णाली प्रदेशे) ....जनपदे (जिल्ला) .... ग्राम/नगरपालिकायां ....ब्रह्मस्थाने (स्थान वा गाउँको नाम) यह पूण्ये भूमौ षष्ठिसंवत्सराणां मध्ये ....सम्वत्सरे श्रीसूर्यनारायण .....अयने (उत्तर वा दक्षिणायने) ऋतौ सौरेण वा चान्द्रेण....मासे.......पक्षे ......वासरे........तिथौ......राशिस्थिते श्रीसूर्य.......राशिस्थितेचन्द्रमसि ......राशिस्थिते देवराजगुरौ ......योगे ....करणे अन्येषु शेषेषु ग्रहेषु यथायथास्थानस्थितेषु सत्सु एवं यथोक्तग्रहगुण विशेषेण विशिष्टायां यथालग्न मुहुर्तान्वितायाम् ..... गोत्र...... प्रवरस्य ....वेदाध्यायी .....नाम शर्मणः (कर्ताको नाम) (वर्मणः, गुप्तस्य दासस्य) ममात्मन सभार्यस्य सपुत्रपौत्रस्य सकुटुम्वस्य कायिक वाचिक मानसिक सांसर्गिक ज्ञाताज्ञातसकल दुरित क्षयपूर्वक आयुरारोग्यैश्वर्योत्तरोत्तरहर्ष विजयोदयपूर्वक दारिद्र्यदुःख दुर्भिक्ष्यदौर्मनस्यदौर्भाग्योपसर्गमहामारी उल्कापातनिर्घातभूकम्पादिसूचित सकलदोषोपशान्त्यर्थं दुस्वप्नसुस्वप्नवाप्तिपूर्वक ममः ऐश्वर्याभिः अभिवृद्ध्यर्थं अप्राप्त लक्ष्मी प्राप्त प्राप्तलक्ष्म्याश्चिरकाल संरक्षणार्थं सकल मनइप्सितकामना संसिद्ध्यार्थं पुत्रपौत्रादि सन्ततिरविच्छिन्न वृद्ध्यर्थं आदित्यादि नवग्रहानुकूला सिद्ध्यार्थं इन्द्रादिदशदिक्पाल प्रसन्नसिद्ध्यर्थं विशेषतः आध्यात्मिक आदिदैविक आदिभौतिक तापत्रय पशमनपूर्वक धर्मार्थकाममोक्षचतुर्विध फलप्राप्तये यथा ज्ञान, यथाशक्य, यथामिलितोपचारै मम गृह कलश, दीप, गणेश पूजनपूर्वक वैदिकहवन, (कुन कार्य गर्ने हो सो मात्र उच्चारण गर्ने - साम्बसदाशिव पूजन शिवोपरिअविच्छिन्न जलधारया दुग्धधारया, एकादशावृत्ति रुद्राभिषेक पाठ, रभासहित श्रीसत्यनारायण पूजन, श्री परमेश्वर प्रितिद्वारा विष्णुसायुज्य प्राप्त्यर्थं लक्षवर्तिका प्रज्वलन, सूर्यादि नवग्रहपूजन, गौर्यादिषोडश मातृपूजन अमुक सङ्ख्याक ब्राह्मणद्वारा यथाशक्य शुक्ल यजुर्वेद पाठ, श्रीमहाकाली महासरस्वती महालक्ष्मी प्रीतये मार्कण्यपुराणान्तर्गत सप्तशती स्तोत्र साङ्गोपाङ्गपाठ, विष्णु सहश्रनाम, गीता पाठ समस्तपितृणम्क्षयमुक्तिप्राप्त्यर्थं श्रीसूर्यनारायणसन्निधौ प्रतिज्ञाऽहं करिष्ये ।

विभिन्न उपयोगी मन्त्रहरु

गायत्री मन्त्रः

ॐ भूर्भुव स्वः तत्सवितुर्वरेण्यं ।
भर्गो देवस्य धीमहि धियो यो नः प्रचोदयात् ॥

नयाँ जनै लगाउने मन्त्रः

यज्ञोपवीतं परमं पवित्रं प्रजापतयूयत्सहजं पुरस्तात् ।
आयुष्यमग्रयं प्रतिमुञ्च शुभ्रं यज्ञोपवीतं वलमस्तु तेजः ।

पीपलमा जल चढाउँदा भन्ने मन्त्रः

मूलतो ब्रम्हरूपाय मध्यतो विष्णुरूपिणे ।
अग्रतः शिवरूपाय अश्वत्थाय नमोनमः ॥

विवाहमा माहुरमा लेख्ने मन्त्र (श्लोक)

(वर) यावद् गङ्गा कुरुक्षेत्रे यावत् तपति भास्करः
सुमेरुर्निश्चलो यावतावज्जीवतु कालकः
(वधू) उत्तमवल्लीरिपूजा सा कन्या पतिबल्लभा
तस्याहाररिपुस्वामी तस्यकान्ता स्थिरोभव ।

पुष्प अर्पण गर्ने मन्त्र

इमानि पुष्पाणि मनोहराणि, सुरासुराणामपि दुर्लभानि ।
कल्पदुमादि द्रुम जाती तानि, पुष्पाञ्जलि मेस्तु सुखाय नित्यम् ।

ब्राह्मणलाई टीका लगाई दिंदा भन्ने मन्त्र

ॐ नमो ब्रह्मण्यदेवाय गोब्राह्मणहिताय च ।
जगद्धिताय कृष्णाय गोविन्दाय नमो नमः ॥

साँझमा दीयो बाल्दा भन्ने मन्त्र

दीपो ज्योतिः परं ब्रह्म दीपो ज्योतिर्जनार्दनः ।
दीपो हरतु मे पापं सन्ध्यादीप नमोऽस्तु ते ॥
शुभं करोतु कल्याणं मारोग्यं सुखसम्पदाम् ।
मम बुद्धिप्रकाशञ्च दीपज्योतिर्नमोऽस्तु ते ॥

रक्षाबन्धनको भन्ने मन्त्रः

ॐ येन बद्धो बली राजा दानवेन्द्रो महाबलः ।
तेनत्वामपि वध्नामि रक्षे मा चल मा चलः ॥

साढेसातीका लागि शनिपाठ मन्त्रः

नमस्ते कोणसंस्थाय पिङ्गलाय नमोस्तु ते ।
नमस्ते विभुरूपाय कृष्णाय च नमोस्तु ते ॥
नमस्ते रौद्रदेहाय नमस्ते चान्तकाय च ।
नमस्ते यमसंज्ञाय नमस्ते सौरये विभो ॥
नमस्ते मन्दसंज्ञाय शनैश्चर नमोस्तु ते
प्रसाद कुरु देवेश दीनस्य प्रणतस्य च ॥

तुलसीमा जल चढाउने मन्त्र

महाप्रसाद जननी सर्व सौभाग्य वर्धिनी ।
आधिव्याधिहरा नित्यं तुलसित्वं नमोस्तुते ॥

दशहरा स्नान गर्दाको मन्त्र

यां कांचित्सरितं प्राप्य दद्याद्भौस्तिलोदकम् ।
मुच्यते दशभिः पापैः समहापातकोपमैः ॥

लक्ष्मी (गौ) पूजाको मन्त्रः

लक्ष्मीर्या लोक पालानां धेनुरुपेण संस्थिता ।
घृतं बहति यज्ञार्थे मम पापं व्यपोहतु ॥

नयाँ अन्न खाँदाको मन्त्रः

प्राश्नीयद्धधिसंयुक्तं नवंविप्राभिमन्त्रितम् ।
गृहि त्वा ब्राम्हणानुज्ञां सदधि प्राशयेन्नवम् ॥

प्रदक्षिणा गर्ने मन्त्रः

यानि कानि च पापानि बुह्म हत्यासमानि च
तानि तानि विश्यन्तु प्रदक्षिण पदेपदे ।

गणेशको पूजा गर्ने मन्त्रः

बक्रतुण्ड महाकाय सूर्यकोटी समप्रभ ।
अविघ्नं कुरु मे देव सर्वकार्येषु सर्वदा ॥

सन्तानप्रद मन्त्रः

देवकीसुत ! वासुदेव जगत्पते देहि मे
तनयं कृष्ण ! त्वामहं शरणङ्गत ।

हस्तदर्शन मन्त्रः

कराग्रे वसते लक्ष्मीः करमध्ये सरस्वती ।
कलमूले स्थितो ब्रह्मा प्रभाते करदर्शनम् ।

स्वस्ति मन्त्रः

ॐ स्वस्ति न इन्द्रो वृद्धश्रवाः। स्वस्ति नः पूषा विश्ववेदाः। स्वस्ति नस्तार्क्ष्यो अरिष्टनेमिः। स्वस्ति नो बृहस्पतिर्दधातु ॥

शान्ति मन्त्रः

ॐ द्यौः शान्तिरन्तरिक्षँ शान्तिः,
पृथ्वी शान्तिरापः शान्तिरोषधयः शान्तिः ।
वनस्पतयः शान्तिर्विश्वे देवाः शान्तिर्ब्रह्म शान्तिः,
सर्वँ शान्तिः, शान्तिरेव शान्तिः, सा मा शान्तिरेधि ॥
ॐ शान्तिः शान्तिः शान्तिः ॥

श्रीसूर्यको दर्शन गर्ने मन्त्रः

आदिदेव नमस्तुभ्यं प्रसीद मम भास्कर ।
दिवाकर नमस्तुभ्यं प्रभाकर नमोऽस्तु ते ॥
सप्ताश्व रथमारूढं प्रचण्डं कश्यपात्मजम् ।
श्वेत पद्माधरं देवं तं सूर्यं प्रणमाम्यहम् ॥

एकश्लोकी रामायण

आदौ रामतपोवनादिगमनं हत्वा मृगंकाञ्चनं
वैदेहिहरणं जटायुमरणं सुग्रीवसम्भाषणम् ।
बालि निर्दलनं समुद्रतरणं लंकापुरीदाहनं
पश्चात् रावण कुम्भकर्ण हननं एतद्धि रामायाणम् ॥

भूमी स्पर्श गर्ने मन्त्रः

समुद्रवसने देवि पर्वतस्तनमंण्डिते
विष्णु पत्नि नमस्तुभ्यं पाद स्पर्शं क्षमश्चमेव ॥

गंगापूजा गर्ने मन्त्रः

गंगे च यमुने चैव गोदावरि सरस्वति ।
नर्मदे सिन्धु कावेरी जले अस्मिन् सन्निधिम् कुरु ॥

टीका (चन्दन) लगाउने मन्त्रः

कान्तिं लक्ष्मीं धृतिं सौख्यं सौभाग्यमतुलं बलम् ।
ददातु चन्दनं नित्यं सततं धारयाम्यहम् ।

सूर्य भगवानको पूजा गर्ने मन्त्रः

जपाकुसुम संकाशं काश्यपेयं महाद्युतिम् ।
तमोरिं सर्वपाघ्नं. प्रणतोऽस्मि दिवाकरम् ।

विष्णु भागवानको पूजा गर्ने मन्त्रः

शान्ताकारं भुजगशयनं पद्मानाभं सुरेशं
विश्वाधारं गगनसदृशं मेघवर्णं शुभाङ्गम् ।
लक्ष्मीकान्तं कमलनयनं योगिभिर्ध्यानगम्यं
बन्दे विष्णुं भवभयहरं सर्वलोकैकनाथम् ॥

क्षमा प्रार्थना मन्त्रः

मन्त्रहीनं क्रियाहीनं भक्तिहिनं सुरेस्वर ।
यत्पूजितं मया देव परिपूर्ण तदस्तु मे ।

२०८२ सालको ग्रहण विवरण

विक्रम सम्वत् २०८२ साल भाद्र २२ गते आइतवार भाद्रशुक्ल पूर्णिमा तिथि (तदनुसार ७ सेप्टेम्बर २०२५) शतभिषा पूर्वभाद्र नक्षत्र कुम्भ राशिका व्यक्तिहरुलाई अतिकष्ट **(खग्रास चन्द्रग्रहणम्)**


ग्रहणको समयः

स्पर्शः रात्रि २२:११ बजे
सम्मीलनः रात्रि २३:१५ बजे
मध्यः रात्री २३:५६ बजे
उन्मीलनः रात्रि २४:३८
मोक्षः रात्री २५:४१ बजे
सर्वपर्वः ३ घण्टा ३० मिनेट

चन्द्रग्रहण फल

रा.	फल
मे.	११ लाभः
वृ.	१० सुखम्
मि.	९ माननाशः
क.	८ कष्टम्
सिं.	७ स्त्रीपीडाः
क.	६ सौख्यम्
तु.	५ चिन्ता
वृ.	४ व्यथाः
ध.	३ श्रीप्राप्तिः
म.	२ क्षतिः
कु.	१ घातः
मी.	१२ व्ययः

भाद्र २२ गते आइतवार दिवा १३:११ बजेदेखि बाल, वृद्ध, रोगी र आतुर लाई बाहेक अरुलाई भोजन निषेध।



विक्रम सम्वत् २०८२ साल फाल्गुण १९ गते मंगलवार फाल्गुण शुक्ल पूर्णिमा तिथि (तदनुसार ३ मार्च २०२६) पूर्वफाल्गुनी नक्षत्र सिंह राशिका व्यक्तिहरुलाई अतिकष्ट **(ग्रस्तोदय खण्डग्रास चन्द्रग्रहणम्)**

ग्रहणको समयः


चन्द्रोदय : साँझ १८:३ बजे
मोक्ष : रात्रि १९:२ बजे

> यो ग्रहण दिउँसो १५:३४ बजे स्पर्श भई खग्रास भएपनि काठमाडौंबाट चन्द्रोदय पछि खण्डग्रास मात्र देखिनेछ।

चन्द्रग्रहण फल

रा.	फल
मे.	५ चिन्ता
वृ.	४ व्यथाः
मि.	३ श्रीप्राप्तिः
क.	२ क्षतिः
सिं.	१ घातः
क.	१२ व्ययः
तु.	११ लाभः
वृ.	१० सुखम्
ध.	९ माननाशः
म.	८ कष्टम्
कु.	७ स्त्रीपीडाः
मी.	६ सौख्यम्

फाल्गुण १९ गते मंगलवार प्रातः ९:३ बजेदेखि बाल, वृद्ध, रोगी र आतुरलाई बाहेक अरुलाई भोजन निषेध।



२०८२ सालको समय शुद्धिः

ज्येष्ठ २९ गते विहीवार १७:७ गुरु पश्चिमास्त
आषाढ २२ गते आइतवार ६:५३ गुरु पूर्वोदय
मार्गशीर्ष २७ गते शनिवार १२:२५ शुक्र पूर्वास्त
माघ १५ गते विहीवार २५:२९ शुक्र पश्चिमोदय

> **२०८३ साल ज्येष्ठ महिनामा अधिकमास पर्छ।**

व्रतबन्ध मुहूर्त

वैशाख

५ गते शुक्र ल. ३ शुभम्
१९ गते शुक्रे ल. २ के ५ मध्यम्
२४ गते बुधे ल.२ के.५ मध्यम्, ल. ३ शुभम्

फाल्गुणः

७ गते गुरौ ल.१ के.५ मध्यम् ल.२ शुभम्
१४ गते गुरौ ल.१ के.५ मध्यम् ल.२ शुभम्
१५ गते शुक्रे ल.१ के. ५ मध्यम् ल. २ शुभम्

चैत्रः

६ गते शुक्रे ल.२ र ल.३ शुभम्
१५ गते रवौ ल.२ शुभम् १२ मिथुनांशे मध्यम् ल.३ शुभम्

विवाह मुहूर्त

वैशाखः

१ गते सोमे रात्रौ ल. ८ च १२ वृ ७ कनिष्ठम्
३ गते बुधे दिवा ल. ३ च ६ बु १० वर्गोत्तमांशे कनिष्ठम्
रात्रौ ल.११ शुभम्
५ गते शुक्रे दिवा ल. ३ च ७ बु १० कनिष्ठम्
रात्रौ ल.८ वृ ७ मध्यम् रात्रौ ल.११ शुभम्
७ गते रवौ दिवा ल. ३ च ७ बु १० कनिष्ठम्
रात्रौ ल.८ वृ ७ मध्यम् रात्रौ ल. ११ च १२ मध्यम्
८ गते सोमे दिवा ल. २ मीनांशे शुभम्
१६ गते भौमे रात्रौ ल. ११ शुभम्
१७ गते बुधे दिवा ल. २ चन्द्रोच्च १ मध्यम्
दिवा ल. ३ बु १० च १२ कनिष्ठम्
रात्रौ ल. ८ च.वृ ७ कनिष्ठम् रात्रौ ल. ११ शुभम्
२२ गते सोमे रात्रौ ल. ८ वृ ७ मध्यम्
रात्रौ ल. ११ च ७ मध्यम्
२३ गते भौमे दिवा ल. २ शुभम्
दिवा ल. ३ बुध १० मध्यम्
२८ गते रवौ दिवा ल. २ च ६ मध्यम्
दिवा ल.३ शुभम्
३० गते भौमे दिवा ल. ३ च ६ मध्यम्
रात्रौ ल. ११ शुभम्
३१ गते बुधे दिवा ल. २ च ७ मध्यम्
दिवा ल. ३ च ६ मध्यम्

ज्येष्ठः

१ गते गुरौ रात्रौ ल. १ शं १२ मध्यम्
२ गते शुक्रे दिवा ल. ३ च ७ मध्यम्
३ गते शनौ रात्रौ ल. ११ च १२ मध्यम्
रात्रौ ल. १ शं १२ मध्यम्
१४ गते बुधे दिवा ल. ३ च १२ तिथिक्षय कनिष्ठम्
१८ गते रवौ रात्रौ ल. १ शं १२ मध्यम्
१९ गते सोमे दिवा ल. ३ तुलांशे शुभम्
२४ गते शनौ रात्रौ ल. ९ बु.वृ. ७ कनिष्ठम्
रात्रौ ल. १ च ७ शं १२ कनिष्ठम्

२५ गते रवौ दिवा ल. ३ शुभम्
दिवा ल. ४ शुभम्
मार्गशीर्षः
६ गते शनौ रात्रौ ल. ३ च ७ मध्यम्
रात्रौ ल. ४ च ६ कनिष्ठम्
रात्रौ ल. ७ मीनांशे शुभम्
८ गते सोमे रात्रौ ल. ३ च ७ मध्यम्
रात्रौ ल. ४ लग्नेश चं ६ कनिष्ठम्
रात्रौ ल. ७ शुभम्
१३ गते शनौ रात्रौ ल. ७ च ६ धनुरंशे मध्यम्
१४ गते रवौ दिवा ल. १० बु १० वृ. ७ मिथुनांशे कनिष्ठम्
रात्रौ ल. ३ शु. ६ मध्यम
रात्रौ ल. ४ शुभम्
१८ गते गुरौ रात्रौ ल. ४ तिथिक्षय तुलांशे मध्यम्
१९ गते शुक्र दिवा ल. १० वृ.७ बु.१० मिथुनांशे कनिष्ठम्
रात्रौ ल. ३ शु ६ च १२ कनिष्ठम्
रात्रौ ल. ४ तुलांशे शुभम्
रात्रौ ल. ७ वर्गोत्तमांशे शुभम्
२० गते शनौ दिवा ल. ९ च. वृ. ७ कनिष्ठम्
दिवा ल. १० चं ६ बु १० मिथुनांशे कनिष्ठम्
माघः
२१ गते बुधे रात्रौ ल. ९ वृ ७ मध्यमम्
२२ गते गुरौ रात्रौ ल. ७ च. १२ मध्यमम्
२७ गते भौमे रात्रौ ल. ७ शुभम्
फाल्गुणः
८ गते शुक्रे रात्रौ ल.७ चं ६ मध्यमम्
१२ गते भौमे रात्रौ ल. १० तिथिक्षय मध्यम्

१३ गते बुधे दिवा ल. १ शं १२ मिथुनांशे मध्यमम्
दिवा ल. २ चन्द्रोच्च १ बु १० कनिष्ठम्
१४ गते गुरौ दिवा ल. १ श १२ मिथुनांशे मध्यम्
दिवा ल. २ मं. बु. १० कनिष्ठम्
२५ गते सोमे रात्रौ ल. लग्नेश ७ शु ६ कनिष्ठम्
२६ गते भौमे दिवा ल. ६ भद्रोपरि तुलांशे मध्यम्
२७ गते बुधे रात्रौ ल. ७ शु ६ कनिष्ट
रात्रौ ल. १० च लग्नेश १२ शु ३ कनिष्ठम्
२८ गते गुरौ दिवा ल. १ शं १२ तुलांशे मध्यम्
दिवा ल. ३ च ७ मध्यम्
रात्रौ ल. ७ लग्नेश शु ६ कनिष्ठम्
३० गते शनौ दिवा ल. १ श १२ तुलांशे मध्यम्
दिवा ल. २ मं बु. १० मीनांशे कनिष्ठम्

अन्नप्राशन (पास्नी)मुहूर्त

वैशाखः
१ गते सोमे द्वितियायां पञ्चाङ्गशुद्धि
१७ गते बुधे ल. २ चन्द्रोच्च १ मध्यम्
ज्येष्ठः
१४ गते बुधे द्वितियायां पञ्चाङ्गशुद्धि
आषाढः
२ गते सोमे ल. ४ शु. १० मध्यम्
१३ गते शुक्रे ल. ४ चं १ शु १० कनिष्ठम्
श्रावणः
२६ गते सोमे पञ्चाङ्गशुद्धि
२९ गते गुरौ पञ्चाम्यां पञ्चाङ्गशुद्धि
भाद्रः
२ गते सोमे भद्रापूर्व पञ्चाङ्गशुद्धि

९ गते सोमे ल. ७ बु. शु. १० कनिष्ठम्
आश्विनः
१६ गते गुरौ पञ्चाङ्गशुद्धि
कार्तिकः
७ गते शुक्रे ल. ९ शु. १० मध्यम्
१७ गते सोमे ल. ९ शुभम्
२१ गते शुक्रे ल. ९ शुभम्
२४ गते सोमे पञ्चाम्यां पञ्चाङ्गशुद्धि
मार्गशीर्षः
११ गते गुरौ ल. ९ शुभम्
पौषः
७ गते सोमे ल. १० शुभम्
१७ गते गुरौ ल. १० शुभम्
२१ गते सोमे ल. १० शुभम्
माघः
७ गते बुधे पञ्चाङ्गशुद्धि
१४ गते बुधे रोहिण्यां पञ्चाङ्गशुद्धि
२८ गते बुधे दशम्यां अनुभे पञ्चाङ्गशुद्धि
फाल्गुणः
१४ गते गुरौ पञ्चाङ्गशुद्धि
चैत्रः
६ गते शुक्रे पञ्चाङ्गशुद्धि
११ गते बुधे पञ्चाङ्गशुद्धि

गृहारम्भ (जग राख्ने) मुहूर्त

श्रावण २६ गते सोमे पञ्चाङ्गशुद्धि
कार्तिक २१ गते शुक्रे पञ्चाङ्गशुद्धि
मार्गशीर्ष ११ गते गुरौ पञ्चाङ्गशुद्धि
१९ गते शुक्रे पञ्चाङ्गशुद्धि
२० गते शनौ पञ्चाङ्गशुद्धि
फाल्गुण १४ गते गुरौ ल. २ के ४ मध्यम्

गृह प्रवेश (घर सर्ने) मुहूर्त

माघ २८ गते बुधे दशम्यां अनुभे पञ्चाङ्गशुद्धि
फाल्गुण १४ गते गुरौ ल. २ के ४ मध्यम्
३० गते शनौ ल. २ के ४ मध्यम्

धान्यछेदन (मुठी लिने) मुहूर्तहरु

भाद्र १८ गते बुधे ल. ७ पूर्वाभिमुखे शुभम्
आश्विन १२ गते रवौ ल. ८ उत्तराभिमुखे शुभम्
१३, १६, २३ र ३१ गते ल. ८ पूर्वाभिमुखे शुभम्
कार्तिक १० गते सोमे ल. ८ पूर्वाभिमुखे शुभम्
१७ गते सोमे ल. ८ उत्तराभिमुखे शुभम्
२० र ३० गते ल. १० पूर्वाभिमुखे शुभम्

नवान्नप्राशन(न्वागी) खाने मुहूर्त

मार्गशीर्षः
११ गते **गुरौ सामान्य पञ्चाङ्गशुद्धि**

दोकान खोल्ने मुहूर्त

वैशाख ७ र ८ गते उषायां ल. २ सू १२ मध्यम्
१७ गते बुधे ल. ३ शुभम्
ज्येष्ठ ४ गते रवौ पञ्चाङ्गशुद्धि
१४ गते बुधे ल(३ सू. १२ तिथिक्षय कनिष्ठम्
१७ गते शनौ ल. ३ सू. १२
आषाढ २७ र २८ गते उषायां पञ्चाङ्गशुद्धि

श्रावण ५ र २९ गते पञ्चाङ्गशुद्धि
भाद्र ९ गते सोमे पञ्चाङ्गशुद्धि
१५ गते रवौ भद्रोपरि पञ्चाङ्गशुद्धि
आश्विन ११ गते शनौ पञ्चाङ्गशुद्धि
२५ र २६ गते ल. ९ शुभम्
कार्तिक ७ र १४ गते पञ्चाङ्गशुद्धि
२१, २९, ३० गते ल. १० शुभम्
मार्गशीर्ष १४, १९ र २० गते पञ्चाङ्गशुद्धि
माघ २४ र २८ गते ल. २ शुभम्
फाल्गुण १४ गते गुरौ ल. २ शुभम्
३० शनौ गते ल. ३ शुभम्
चैत्र ६, ११ १४ गते ल. २ शुभम्
२७ र २८ गते ल. ३ शुभम्

मुहूर्त प्रकरण (साइत)

कर्णवेध (कानछेड्ने) मुहूर्तः

पौष चैत्र महिना, चातुर्मास, जन्ममहिना, तिथिक्षय, रिक्ता (४।९।४) तिथि, जोर (२।४।६) वर्ष, जन्मतारा छाडी, ६ ७ ८ महिना वा जन्मदेखि १२।१६ दिन, सोम, बुध, विही, शुक्रवार विजोर (१।३।५) वर्ष, अ.मृ.पु. ति. ह. चि. अनुराधा . अभि. रे. नक्षत्र, केन्द्र त्रिकोणमा शुभग्रह, ३।६।११ मा पापग्रह भई शुक्रका लग्नमा स्वजन्मराशि छाडी पुत्रको पहिले दाहिने र पुत्रीको देब्रेकान छेड्दा शुभ हुन्छ।

शीतलावेध (खोपाउने) मुहूर्तः

अश्वि. रो. मृ.ति.ह.चि. ऽनु. अभि. श्र. ज्ये. श. नक्षत्रमा आइत. मङ्गल बुध र विहीवार शीतलावेध (खोपाउदाँ) शुभ होला। लोकमा द्विपुष्कर, त्रिपुष्कर, धनिष्ठा पंचक र जन्म नक्षत्र पनि छाड्दछन्।

चूडामुहूर्तः गर्भाधान वा जन्मदेखि (३।५।७ बिजोर वर्ष), १।४।६।७।९।१२।१४ तिथि, पर्वदिन, चैत्रमहिना, जन्मराशि या लग्नदेखि अष्टमलग्न छाडी, उत्तरायण, सोम. बुध. विही शुक्रवार, शुभलग्न तथा शुभांशकमा लग्नदेखि अष्टम् शुद्धगरी ३।६।११ मा पापग्रहपारी अश्वि. मृ. पु.ति.ह.स्वा.अभि. श्र.ध. श.ज्ये.रे. नक्षत्रमा चूडा (मुण्डन) गर्दा राम्रो हुन्छ।

कपाल-दाढी-नङ बनाउँदाः

अश्वि.मु.पु.ति.ह.चि.स्वा. ज्ये. श्र.ध.रे. नक्षत्रमा, सोम. बुध. विही र शुक्रवार कपाल-दाढी-नङ्काट्दा शुभ होला।

अक्षरारंभ मुहूर्तः

गणेश विष्णु सरस्वती लक्ष्मी पूजनगरी ५ वर्षमा उत्तरायणको, २३।५।६।१०।११।१२ तिथिमा, आ.पु.ति.ह.चि.स्वा.ऽनु, अभि. श्र. रे. नक्षत्रमा, सोम. बुध. विही र शुक्रवार, चरलग्नछाडी शुभलग्न शुभांशमा अक्षरारम्भ गर्नु पर्दछ। अक्षरारंभमा सूर्यको नक्षत्रबाट ७ भयम् २४ विद्या प्राप्त हुने गर्दछ।

व्याकणारंभ मुहूर्तः

अश्वि.रो. मृ.पु.ति.ह.चि. स्वा.वि.ऽनु. नक्षत्रमा, बुध. विही र शुक्रवार व्याकणारम्भ शुभ होला।

गणितारम्भमुहूर्तः

रो. आ.ति.ह.ऽनु.श.पूभा.रे. नक्षत्रमा, बुध र विहीवार गणितारम्भ गर्दा शुभ होला।

दीक्षाग्रहण मुहूर्तः ज्येष्ठ. आषाढ. मार्ग. कार्तिक, चैत्र महिना, भ.क. आ. श्ले. म. ज्ये. वि. नक्षत्र, मङ्गल र शनिवार, शुक्लपक्ष १।३।६।१३।१४।१५ र कृष्णपक्षको १।४।६।७।८। १०।११।१२।१३१४।३० तिथि, गुरु शुक्रको अस्त, भद्रा, १।८।११।१२ लग्नछाडी गुरु शुक्रको दृष्टि पारी, केन्द्र त्रिकोणमा शुभग्रह ३।६।११मा पापग्रह भएमा, संक्रान्ति र ग्रहणभए झन् वेस ताराबल र चन्द्रमा जुराई दीक्षामन्त्र लिदाँ शुभ होला।

स्वयम्वरमुहूर्तः

कृ. रो. ३पूर्वा र ३उत्तरामा स्वयम्वर गर्दा शुभ होला।

कन्यावरण मुहूर्तः

कृ.रो. मृ. ३पूर्वा. ३उत्तरा.ह.स्वा.ऽनु. मघा.मू.श्र.ध.रे. यी नक्षत्रहरूमा आइत, मङ्गल र विहीवार कन्यावरण गर्दा शुभ होला।

वधूप्रवेशमुहूर्तः

विवाहदेखि १६ दिनभित्र, ५।७।९ दिन वा १६ दिन नाघ्यो भने विजोर महिना वा वर्ष लिनु, ५ वर्षदेखि अधिकमा शुभ मुहूर्तमा, अश्वि.रो. मृ.ति.म. ३उत्तरा. ह.चि.स्वा.ऽनु.मू.अभि. श्र.रे. नक्षत्रमा, रिक्ता (४।९।१४) तिथि, आइत. मङ्गल. बुध. शनिवार छोडी वधुप्रवेश गराउँदा शुभ होला।

द्विरागमन मुहूर्तः

सन्मुख दक्षिण शुक्रछाडी विषम १।३।५ वर्ष, मेष वृश्चिक कुम्भको सूर्यमा, सूर्य गुरु शुद्धपारी, सोम, बुध. विही शुक्रवार, २।३।६।७।१२ लग्न, अश्वि रो. मृ. पुन.ति. ह.चि.स्वा.ऽनु. मू. ३उत्तरा, अभि. श्र. ध. श. रे. नक्षत्रमा द्विरागमन गर्दा शुभ होला।

पहिलो रजस्वला हुँदा शुभ कालः

वैशाख ज्येष्ठ आषाढ आश्विन मार्गशीर्ष माघ फाल्गुन महिना, शुक्लपक्षको १।२।३।५।६।११।१३।१५ तिथि, सेतोवस्त्र पहिरिएको अवस्था, सोम. बुध. विही शुक्रवार, अश्वि. रो.मू.ति. ह. चि.स्वा.ऽनु. ३उत्तरा. श्र.ध. श. रे. नक्षत्र उत्तम, कृ. पुन.वि.मू. नक्षत्र मध्यम र बाँकी नक्षत्र अशुभ, २।३।४।६।७।९।१२ लग्नमा प्रथम रजस्वला हुँदा शुभ होला। कृष्णपक्षको रात्रि, भद्रा, संक्रान्ति, रोगलागेको वेला, वैधृति-व्यतिपात योगमा प्रथम रजस्वला हुनु खासै राम्रो होइन।

पहिलोपटक नछुनेहुँदा पानीछुने मुहूर्तः

अश्वि. मृ. ३उत्तरा. ह. स्वा. अनु. रे. यी नक्षत्रमा आइत मङ्गल र विहीवारमा पानी हुँदा शुभ हुन्छ।

गर्भाधान मुहूर्तः

तीनै प्रकारका गण्डान्त, निधन जन्मर्शात् सप्तम तारा, जन्म नक्षत्र एवं अश्वि. भ.म.मू.रे. नक्षत्र, ग्रहणलागेको दिन, वैधृति-व्यतिपात योग, आमाबाबुको श्राद्धको दिउँसो परिधयोगको पूर्वाद्ध र तीनै प्रकारको उत्पातले दूषित भएको दिन, जन्म नक्षत्र / राशि वा लग्नदेखि अष्टम लग्न, पापाकान्ता, भद्रा (६।८।१४।१५।३०) र रिक्ता (४।९।१४) तिथि, संक्रान्ति, संन्ध्या, आइत मङ्गल शनिवार र रजस्वला भएको ४ दिन सबै छाडी, ३उत्तरा. मृ.ह.ऽनु. रो.स्वा. श्र.ध.श. यी नक्षत्रमा केन्द्र त्रिकोणमा

शुभग्रह, ३।६।११ स्थानमा पापग्रह पारी पुरुषग्रहले देखेको लग्नमा विजोर राशिको अंशमा चन्द्रमा पारी पुरुषले रजस्वला भएको १६ दिन भित्रमा जोरदिनमा गर्भाधानगर्दा सुखी र दीर्घजीवी सन्तान जन्मन्छ भन्ने धारणा छ।

नामाकरण मुहूर्तः आइत सोम. बुध. विही शुक्रवार, अश्वि. रो.मू. पुन तिष्य, ३उत्तरा.ह.चि.ऽनु.श्र.ध.श.रे. नक्षत्रमा नामाकरण गर्दा शुभ हुन्छ। **बच्चालाई घरबाहिर पठाउने मुहूर्तः** अश्वि. रो. मृ.पु. ति. ३पूर्वा उफा. ह. स्वा. नु. ज्ये. मू. उषा. श्र.ध. नक्षत्रहरूमा, ५।६।७।११ लग्न, जन्मदेखि १२ दिन, तेस्रो वा चौथो महिना र यात्रालाई मान्यतिथि अर्थात दुवैपक्षको २।३।५।७।१०।११।१३ र कृष्णपक्षको प्रतिपदा तिथि पनि श्रेष्ठ मानिएको छ। **सुत्केरीले पानी छुने मुहूर्तः**

अश्वि.मृ.३उत्तरा.ह.स्वा.चि.ऽनु.रे. नक्षत्रमा आइत, मंगल, विहीबार सुत्केरीले पानी छुँदा राम्रो होला।

गाई किनबेच गर्ने मुहूर्तः

अश्वि. पु.ति. ह. चि. ज्ये. अभि, ध.श. रे. यी नक्षत्रमा शुभ होला। अन्य वस्तुहरू किन्ने र बेच्ने नक्षत्र यिनै हुन्।

पशुसार्ने मुहूर्तः ४।८।९।१४।३० तिथि, मङ्गलवार, रो. ३उत्तरा. श्रवण नक्षत्र छाडी, शुभ ग्रहबसेको लग्नमा अष्टमस्थान शुद्धपारी उनका योनि नक्षत्रमा योगिनीचक्र समेत जुराई पशुको ठाउँ सार्दा शुभ होला।

शिक्षारम्भ मुहूर्तः अश्वि. रो. मृ. पुन.ति.ह.चि.स्वा. उ.न. म. अभि. ३उत्तरा. ध. श. रे. नक्षत्रमा, चन्द्रमा बुध वा गुरुको षड्वर्गमा १ वा १० स्थानमा बुध भएको लग्नपारी शिल्प विद्या सिक्दा शुभ हुन्छ।

व्यापार शुभारम्भ मुहूर्तः रिक्तातिथि, मङ्गलवार तथा कुम्भलग्न छाडी, अश्वि.रो. मृ.ति. ३उत्तरा.ह.चि.ऽनु. रे. नक्षत्रमा, लग्नमा चन्द्रमा २।१०।११ मा शुभग्रह र ८।१२ स्थानमा पापग्रह नपार्नु शुभ हुन्छ। **द्रव्य लेनदेन गर्ने मुहूर्तः** अश्वि. मृ.पु.ति.चि.स्वा. वि.ऽनु. श्र.ध. श. रे. नक्षत्रमा, बुधवार छोडी, चर(१,४,७,१०) लग्न देखि ५।८।९ स्थान शुद्धगरी ऋणप्रवाह गर्दा शुभ, मङ्गलवार ऋण लिनाले ऋणीको वंशपर्यन्त ऋण रहन्छ भनिन्छ।

नविनवस्त्र धारण मुहूर्तः

अश्वि. ह. चि. स्वा.ऽनु. रे. नक्षत्रमा स्त्रीले नयाँ वस्त्र वा आभुषण लाउनु। पुरुषलाई रिक्ता (४.९.१४) तिथि छाडी, पु.ति. रो. आ. ३उत्तरा नक्षत्रमा, बुध. विही शुक्रवार नयाँ वस्त्र वा आभुषण धारण गर्दा शुभ होला।

मीत लाउने मुहूर्तः चि. पूफा ऽनु. नक्षत्रमा, शुक्रवार, तैतिल करण, ८।१२ तिथि, शुक्र बसेको वा देखेको लग्नमा मित लाउँदा शुभ हुन्छ। **पुराण श्रवण मुहूर्तः**

अश्वि. रो. मृ.ति. ह. नु.मू.श्र यी ८ नक्षत्रमा, शुभतिथिमा, शुभवारमा, गुरुशुक्रको उदयमा पुराण श्रवण चक्र जुराइ पुराण श्रवण गर्दा शुभ होला।

औषधि सेवन मुहूर्तः अश्वि मृ.पु.ति. ह. चि. स्वा.ऽनु.मू. ध. श्र.श.रे. नक्षत्रमा औषधि सेवन गर्दा शुभ होला। **रोगस्नान मुहूर्तः** रे. पुन, ३उत्तरा. रो. म.स्वा. श्ले. नक्षत्र, सोम, बुधवार छाडी, रिक्तातिथि, चरलग्नमा केन्द्र त्रिकोणमा पापग्रह ३।६।११मा शुभग्रह र चन्द्र हिन वल भएको बेलामा रोगस्नान गर्दा होला।

लिङ्गाण्ड छेदन मुहूर्तः रवि, मंगल र गुरुवार तथा रेवती, तिष्य, हस्ता, स्वाती, मृगशिरा, श्रवण, धनिष्ठा नक्षत्रमा लिङ्गाण्ड छेदन गर्नु शुभ हुन्छ। **मूठी लिने मुहूर्तः** भ.कृ.मृ.आ.ति.श्ले.म.३उत्तरा, ह. चि. स्वा. ज्ये. मू. पूषा. श्र. ध.पूभा. नक्षत्र, शनि, मंगलवार, ४।९।१४ तिथि छोडी मुठी लिँदा शुभ हुन्छ।

यात्रा मुहूर्त सम्बन्धि विशेष जानकारी

यात्राका लागि दिशाशूल, नक्षत्रशूल, योगिनीवास, चन्द्रमा, तिथि, नक्षत्र भद्रा र तारा समेतको विचार गर्नुपर्दछ। जसमा भद्रा दोषरहित तिथिमा २।३।५।७।१०।११ तथा शुक्लपक्षको त्रयोदशी (१३) र कृष्णपक्षको प्रतिपदा (१) पर्दछन् भने अश्विनी, मृगशिरा, पुनर्वसु, तिष्य हस्त, अनुराधा, श्रवण, धनिष्ठा तथा रेवती नक्षत्रहरु शुभ मानिन्छन्। तर रोहिणी ३ पूर्वा र ३ उत्तरा, ज्येष्ठ, मूल र शतभिषालाई मध्यम नक्षत्रको रुपमा लिन सकिन्छ। अमृत, चर, लाभ र शुभ वार बेला अतिउत्तम रहन्छन् भने कुम्भको नवांशमा यात्रा गर्नु कष्टकारक हुन्छ। १।४।५।७।९।१० स्थानमा शुभग्रह भएमा शुभलग्न हुन्छ। सोमवार शनिवार पूर्वमा शूल, मंगलवार र बुधवार उत्तर शूल, आइतवार र शुक्रवार पश्चिम शूल, विहीवार दक्षिण शूल हुन्छन् जानु हुँदैन। यसैगरी शनिवार पूर्वमा कालराहूको वास शुक्रवार आग्नेयमा, विहीवार दक्षिणमा, बुधवार नैऋत्यमा, मंगलवार पश्चिममा सोमवार वायव्यमा, आइतवार उत्तरमा कालराहूको वास हुन्छ ती दिशामा जानु हुँदैन। प्रतिपदा र नवमी पूर्व, द्वितीया दशमी उत्तर तृतीय एकादशी आग्नेय चतुर्थी द्वादशी नैऋत्य षष्ठी चतुर्दशी पश्चिम सप्तमी पूर्णिमा वायव्य अष्टमी औसी (अमावश्य) इशान्य दिशामा योगिनीको वास हुन्छ योगिनी भएका दिशामा पनि यात्रा गर्नु हुँदैन।

उषाकालमा पूर्वमा गोधुलीकालमा पश्चिममा, अर्धरात्री कालमा उत्तरमा मध्यान्ह कालमा दक्षिण गएमा समय शूल हुन्छ, जानु हुँदैन। चन्द्रमा मेष, सिंह र धनु राशिमा भए पूर्वमा, वृष, कन्या तथा मकर राशिमा भएमा दक्षिणमा मिथुन, तुला र कुम्भ राशिमा भएमा पश्चिममा र कर्कट, वृच्छिक र मीन राशिमा भएमा उत्तरमा रहन्छन्। चन्द्रमा दायाँ वा सन्मुख पार्नु पर्दछ। ज्येष्ठा, पूर्वषाढा र उत्तरषाढा पूर्वमा, विशाखा, श्रवण पूर्वभाद्र दक्षिणमा रोहिणी, तिष्य मूल उत्तरमा पूर्वफाल्गुणी, उत्तरफाल्गुणी हस्ता उत्तरमा हुन्छन्। त्यस दिशामा उक्त दिनमा यात्रा गर्नु हुँदैन गरेमा नक्षत्र शूल हुन्छ। विशाखामा यात्रा गर्दै नगर्नु र दक्षिणको यात्रामा धनिष्ठा पञ्चक समेत जोगाउनु पर्दछ। यात्रामा चन्द्र, बुध, वृहस्पति र शुक्रको होरा शुभ मानिन्छ। आइतवार सिकर्नी (दही, सक्खर, मरिच अलैची मिलाएर बनाएको वस्तु, सोमवार पायस (खीर) मंगलवार दहीको पानी (सिर्का) बुधवार तातो दूध, विहीवार दही, शुक्रवार काँचो दूध र शनिवार तिल मलिाएको भात खाएर यात्रा गरे उत्तम हुन्छ तर वारमा दिक्शूल विचार गर्नु शुभ हुन्छ।

ज्यो. दिनानाथ पण्डित

उपयोगी बेला पञ्चाङ्ग पेज नं. २०

तुलसीपत्र टिप्न नहुने दिनः

बैधृती व्यतिपाते च भौमभार्गवभानुषु ।
पर्वद्वये च सङ्क्रान्तौ द्वादश्यां सूतकद्वये ।
तुलसीं ये विचिन्वन्ति ते छिन्दन्ति हरेः शिरः ॥
वैधृति र व्यतिपात योगमा, मङ्गल, शुक्र, आइतवारमा, अमावस्या, पूर्णिमा, संक्रान्ति, द्वादशी, जुठो, सूतकमा तुलसी पत्र टिप्नु हुदैन । (देवी पुराण)

कुन भगवानलाई कति सुते बत्ति बाल्ने

५ सुते	शिवजीलाई	शुद्ध घ्यूमा सबै सबैलाई
९ सुते	देवीलाई	शुद्ध तिलको तेलमा
१२ सुते	सूर्यलाई	शुद्ध तिलको तेलमा
१६ सुते	नारायणलाई	शुद्ध तिलको तेलमा
२१ सुते	गणेशलाई	शुद्ध तिलको तेलमा
५४ सुते	भागवत सप्ताहमा आफू जत्तिकै लामो	

रुद्री जुर्ने तिथि

शुक्लै पक्ष ५, सात, तेह्र, चौध, नौ, बाह्र दुई, पाँच तिथि कृष्णै तेह्र, एघार, बाह्र, तीस, आठ, छ, पाँच, चार, एक् यति रुद्री गर्न अवश्य जुर्छ शिववास हेरुन् नहेरुन् कुनै जुर्दैनन् यी तिथि बिना अरु तिथि गर्नु किता दिन्दिनै ।

नववर्ष २०८२ सालको पावन अवसरमा सम्पूर्ण नेपाली दाजुभाइ दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धिका साथै उत्तरोत्तर प्रगतिका लागि हार्दिक मंगलमय शुभकामना ।

ज्यो.प. श्रीराधे गोविन्द सापकोटा
खगोलविद्

विशेषः गुरु र शुक्रको अस्त, ग्रहण, सोह्रश्राद्ध र औसीका साथै यमपञ्चकमा रुद्री, हवन र अन्य साइत राखिएको छैन । तर नित्य कर्महरु गुरु शुक्रको अस्त समयमा पनि गर्न हुन्छ ।

कश्यप पञ्चाङ्ग तपाईंलाई कस्तो लाग्यो ? कृपया जस्ताको त्यस्तै प्रतिक्रिया दिन नभुल्नुहोला । ९८४८०५०१५३

यस पञ्चाङ्गमा विज्ञापन तथा सूचनाहरु प्रकाशित गर्नुपरेमा कश्यप ज्योतिष तथा वास्तु परामर्श केन्द्रमा सम्पर्क गर्न सक्नुहुनेछ । अनि सल्लाह सुझाव पनि है ।
फोनः ९८४८०५०१५३, ९८४८०३९५१५, ९८४८०३४३५३

सर्वार्थीसिद्धि योग चक्रम्

वार	नक्षत्र
आ.	ह.,मू.,३उत्तरा,ति., अश्वि.
सो.	श्र.,रो.,मृ.,ति.,अनु.
मं.	अश्वि.,उभा.,कृ, ऽश्ले.,
बु.	रो.,अनु.,ह., कृ., मृ.
बि.	रो., अनु., अश्वि.,पु.,ति.
शु.	रे., अनु., अश्वि., पु., श्र.
श.	रे.,स्वा.,श्र.

यमघण्ट योग

मघार्कवारे शनिनो विशाखा, आर्द्रा च भौमे च बुधे च मूलम्
गुरौ च कृतिका रोहिणी च शुक्रे, शनौ च हस्तौ यमघण्टयोगः
द्वितीया अनुराधायास्मृतीया उत्तरात्रयम् । चतुर्थी च मघायुक्तो
षष्ठी मुलेषु सप्तमी । अष्टमी रोहिणी चैव चित्रा स्वाती
त्रयोदशी । एतद्द्योगेषु तत्कार्ये षण्मासे मरणं भवेत् ॥
विवाहो तीर्थयात्रा च शुभकार्यञ्च वर्जयेत् ॥

२०८२ सालका महत्वपूर्ण दिन तथा दिवसहरु

वैशाखः १ गते नववर्षारम्भ, (तागा संक्रान्ति) ११ गते लोकतन्त्र दिवस १४ गते मातातिर्थ औसी १८ गते अन्तर्राष्ट्रिय श्रमिक दिवस २९ गते बुद्धजयन्ती, चण्डी पूर्णिमा, ऋषि कश्यप जयन्ती, उभौली पर्व ।

ज्येष्ठः १५ गते गणतन्त्र दिवस २२ गते गंगादशहरा २८ गते मष्टा पूर्णिमा ।

आषाढः १५ गते धान दिवस २६ गते गुरु पूर्णिमा २९ गते भानु जयन्ती ।

श्रावणः १ गते साउने संक्रान्ति (लुतो फाल्ने दिन) ७ गते घण्टाकर्ण (गठेमंगल) १३ गते नाग पञ्चमी २४ गते जनैपूर्णिमा (रक्षाबन्धन) २५ गते गाईजात्रा ३१ गते गौरा सप्तमी ३१ गते श्रीकृष्ण जन्माष्टमी

भाद्रः ७ गते कुशेऔसी, मोतीजयन्ती, १० गते हरितालिका तीज

आश्विनः १ गते विश्वकर्मा पूजा (वास्तु दिवस) ६ गते घटस्थापना १३ गते महासप्तमी १४ गते महाअष्टमी १५ गते महानवमी १६ गते विजया दशमी (दशैं) २१ गते कोजाग्रत पूर्णिमा ।

कार्तिकः २ गते धनतरेश धनन्तरी जयन्ती (काग तिहार) ३ गते नरक चतुर्दशी (कुकुर तिहार) लक्ष्मीपूजा, दिपावली ४ गते (गाईतिहार) ५ गते गोवर्द्धन पूजा (गोरुतिहार) म्ह पूजा, नेपाल सम्वत ११४६ प्रारम्भ ६ गते किजापूजा (भाइटीका) १० गते छठ पर्व

मार्गशीर्षः ३ गते बाला चतुर्दशी ९ गते विवाह पञ्चमी १८ गते धान्यपूर्णिमा (उधौली पर्व)

पौषः १५ गते तमु ल्होसार १९ गते श्रीस्वस्थानी व्रतारम्भ २७ गते पृथ्वी जयन्ती (राष्ट्रिय एकता दिवस)

माघः १ गते माघे संक्रान्ति (माघी पर्व) ९ गते श्रीपञ्चमी (सरस्वती पूजा) १६ गते शहिद दिवस १८ गते श्रीस्वस्थानी व्रत समाप्त

फाल्गुणः ३ गते महाशिवरात्री ६ गते ग्याल्पो ल्होसार ७ गते प्रजातन्त्र दिवस १९ गते होलि पूर्णिमा (होरी) २४ गते नारी दिवस

चैत्रः ५ गते वसन्तारम्भ (चान्द्रमास अनुसार २०८३ वर्षारम्भ), नेपाल ज्योतिष दिवस १२ गते चैत्राष्टमी (चैते दशैं) १३ गते श्रीराम नवमी ।

असल र सफल ज्योतिष बन्नका लागि विश्वगुरु डटकमको सदस्य बनौं ।

ज्योतिषीय वेव सफ्टवेयर विश्वगुरु डटकमका विशेषता:

विश्व पञ्चाङ्ग निर्णय संघको संरक्षकत्वमा चारवटा सिद्धान्तमा आधारित रहेर निर्माण गरिएको ज्योतिषीय वेव सफ्टवेयर हो, विश्वगुरु । उक्त सफ्टवेयरमा ६१ भन्दा बढी मुहूर्तहरूसहित दैनिक, पाक्षिक र मासिक पञ्चाङ्ग, कुण्डली, राशिफल, फलादेश, कुण्डली मिलान, अनलाइन पसल, अनलाइन ज्योतिष परामर्श, ज्योतिष प्रशिक्षण, पञ्चाङ्ग गणना, वास्तु विचार, रत्नका जानकारी, लेख, रचना र धार्मिक समाचारहरूका साथै आयुर्वेद समेत उपलब्ध छ ।

ज्यो. नारायणप्रसाद नेपाल
अध्यक्ष
९८५११३३०९९

कर्णालीका लागि सम्पर्क : कश्यप ज्योतिष तथा वास्तु परामर्श केन्द्र
९८४८०५०१५३/९८४८०६९५९५ वीरेन्द्रनगर, सुर्खेत

विश्व पञ्चाङ्ग निर्णय संघ

केन्द्रीय कार्यालय काठमाडौं, नेपाल

पञ्चाङ्गकर्ता चिनारी



नाम	: ज्यो.प. खगेन्द्रप्रसाद अधिकारी
जन्मस्थान	: भगवतीमाई-४, तुर्सु, दैलेख
हाल	: बीरेन्द्रनगर न.पा.-११, सुर्खेत
माता	: स्व. बत्तिसरा अधिकारी
पिता	: ज्यो. कृष्णप्रसाद अधिकारी
भार्या	: तीर्थाकुमारी अधिकारी

पेशा :

- श्रीसम्वत् २०५२ देखि ज्योतिष क्षेत्रमा संलग्न
- श्रीसम्वत् २०५७ देखि निरन्तर पत्रकारिता

आवद्ध संस्था:

- आजीवन सदस्य नेपाल ज्योतिष परिषद, काठमाडौं, नेपाल
- आजीवन सदस्य, ब्राह्मण समाज नेपाल
- आजीवन सदस्य, विश्व पञ्चाङ्ग निर्णय संघ, नेपाल
- आजीवन सदस्य, कश्यप गोत्रीय अधिकारी वंश प्रतिष्ठान, नेपाल
- आजीवन सदस्य, विश्व नेपाली साहित्य महासंघ, विश्व केन्द्रीय समिति
- आजीवन सदस्य, (संस्थापक अध्यक्ष) मध्यपश्चिमाञ्चल गजल मञ्च, सुर्खेत
- आजीवन सदस्य (संस्थापक अध्यक्ष) कर्णाली साहित्य समाज, सुर्खेत

सम्मान:

विश्व नेपाली साहित्य महासंघद्वारा उत्कृष्ट सदस्य सम्मानसहित विभिन्न डेढ दर्जन बढी संस्थाबाट साहित्यकार तथा पत्रकारको रुपमा सम्मानीत हुनुका साथै विभिन्न फुटकर प्रतियोगिताहरुमा पुरस्कृत ।

कृतिहरु:

-गजल सङ्ग्रह: बसन्तमै फूलका आँसु (२०६५)
-गजल सङ्ग्रह: आँसुले जलेका मनहरु (२०६९)
-मुक्तक सङ्ग्रह: सम्हालिन नसकेका आँसु (२०७१)
-गजल सङ्ग्रह: सन्तापका आँसु (२०७२)
-पञ्चाङ्ग: कश्यप पञ्चाङ्ग २०८० देखि निरन्तर